मिति:२०८३/०३/१०

समयः बिहान ८:०० बजे

स्थानः जुगल गाउँपालिकाको सभाहल, चनौटे, सिन्धुपाल्चोक।

यस जुगल गाउँ सभाको २० औं अधिवेशन पूर्व निर्धारित सूचना, विषय र स्थानमा गाउँपालिका अध्यक्ष श्री रेशम स्याङ्बो ज्यूको अध्यक्षतामा तपसिलका व्यक्तिहरुको उपस्थितिमा सम्पन्न भयो।

**उपस्थिति विवरणः**

| क्र.सं. | नाम/थर | पद | कार्यालय | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री रेशम स्याङ्वो | अध्यक्ष | जुगल गाउँपालिका कार्यालय | |
| २. | श्री हिमाल कुमार श्रेष्ठ | उपाध्यक्ष | " | |
| ३. | श्री गौरवराज के सी | सभा सचिव | " | |
| ४. | श्री जनक बहादुर तामाङ | वडाध्यक्ष | १ नं. वडा कार्यालय | |
| ५. | श्री चन्द्रकाजी लामा | वडाध्यक्ष | २ नं. वडा कार्यालय | |
| ६. | श्री लक्ष्मान लामा दोङ | वडाध्यक्ष | ३ नं. वडा कार्यालय | |
| ७. | श्री प्रेम तामाङ | वडाध्यक्ष | ४ नं. वडा कार्यालय | |
| ८. | श्री रविन्द्र घिमिरे | वडाध्यक्ष | ५ नं. वडा कार्यालय | |
| ९. | श्री टंक तामाङ | वडाध्यक्ष | ६ नं. वडा कार्यालय | |
| १०. | श्री रवि तामाङ | वडाध्यक्ष | ७ नं. वडा कार्यालय | |
| ११. | श्री हेलामो तामाङ | कार्यपालिका सदस्य | जुगल गाउँपालिका कार्यालय | |
| १२. | श्री सुनमाया सुनार | कार्यपालिका सदस्य | " | |
| १३. | श्री सञ्जु नेपाली | कार्यपालिका सदस्य | " | |
| १४. | श्री दावा सिङ्वो शेर्पा | कार्यपालिका सदस्य | " | |

| | | | | |
|---|---|---|---|---|
| १५. | श्री माया वि.क. | कार्यपालिका सदस्य | " | |
| १६. | श्री कविता माया श्रेष्ठ | कार्यपालिका सदस्य | " | |
| १७. | श्री गंगा बहादुर श्रेष्ठ | वडा सदस्य | १ नं. वडा कार्यालय | |
| १८. | श्री भिम बहादुर सिलवाल | वडा सदस्य | १ नं. वडा कार्यालय | |
| १९. | श्री रोशनी बर्देवा परियार | वडा सदस्य | १ नं. वडा कार्यालय | |
| २०. | श्री पञ्चलाल गोले | वडा सदस्य | २ नं. वडा कार्यालय | |
| २१. | श्री तोक बहादुर लामा | वडा सदस्य | २ नं. वडा कार्यालय | |
| २२. | श्री विष्णुमाई दोङ | वडा सदस्य | २ नं. वडा कार्यालय | |
| २३. | श्री मिङमार शेर्पा | वडा सदस्य | ३ नं. वडा कार्यालय | |
| २४. | श्री बसन्ती सुनार | वडा सदस्य | ३ नं. वडा कार्यालय | |
| २५. | श्री अभिषाप तामाङ | वडा सदस्य | ३ नं. वडा कार्यालय | |
| २६. | श्री सुर्जे लामा | वडा सदस्य | ३ नं. वडा कार्यालय | |
| २७. | श्री दिर्घ नारायण श्रेष्ठ | वडा सदस्य | ४ नं. वडा कार्यालय | |
| २८. | श्री जंग प्रताप सिलवाल | वडा सदस्य | ४ नं. वडा कार्यालय | |
| २९. | श्री देवकी कुमारी श्रेष्ठ | वडा सदस्य | ४ नं. वडा कार्यालय | |
| ३०. | श्री विन्दा परियार | वडा सदस्य | ४ नं. वडा कार्यालय | |
| ३१. | श्री भुपेन्द्र थापा | वडा सदस्य | ५ नं. वडा कार्यालय | |
| ३२. | श्री अनिता नेपाली | वडा सदस्य | ५ नं. वडा कार्यालय | |
| ३३. | श्री सुनमाया तामाङ | वडा सदस्य | ५ नं. वडा कार्यालय | |
| ३४. | श्री हिरा ब. दोङ | वडा सदस्य | ५ नं. वडा कार्यालय | |
| ३५. | श्री उर्मिला वि.क. | वडा सदस्य | ६ नं. वडा कार्यालय | |
| ३६. | श्री लुक बहादुर तामाङ | वडा सदस्य | ६ नं. वडा कार्यालय | |
| ३७. | श्री श्याम श्रेष्ठ | वडा सदस्य | ६ नं. वडा कार्यालय | |
| ३८. | श्री विक्रम तामाङ | वडा सदस्य | ७ नं. वडा कार्यालय | |
| ३९. | श्री कार्पो तामाङ | वडा सदस्य | ७ नं. वडा कार्यालय | |
| ४०. | श्री अस्मिता तामाङ | वडा सदस्य | ७ नं. वडा कार्यालय | |

# जुगल गाँउपालिका

## गाँउ कार्यपालिकाको कार्यालय

## जुगल गाँउपालिकाको गाँउसभाको २० औं अधिवेशनका छलफलका विषय एवं प्रस्तावहरु

१. आ. ब. २०८२।०८३ को वार्षिक प्रगति प्रतिवेदन सम्बन्धमा ।
२. आ. ब. २०८३।०८४ को वार्षिक नीति तथा कार्यक्रम सम्बन्धमा ।
३. जुगल गाँउपालिकाको विनियोजन विधेयक, २०८३ सम्बन्धमा ।
४. जुगल गाँउपालिकाको आर्थिक विधेयक, २०८३ सम्बन्धमा ।
५. आ. ब. २०८१।०८२ को अन्तिम लेखापरिक्षण प्रतिवेदन सम्बन्धमा ।
६. सेवा करार कर्मचारीको म्याद थप सम्बन्धमा ।
७. गाँउ शिक्षा योजना सम्बन्धमा ।
८. न्यायिक समितिको प्रतिवेदन सम्बन्धमा ।
९. विभिन्न विषयगत समितिका वार्षिक प्रतिवेदन सम्बन्धमा ।
१०. गैरसरकारी संस्थाको आर्थिक वर्ष २०८३/०८४ को बजेट तथा कार्यक्रम सम्बन्धमा ।

रेशम स्याङबो
अध्यक्ष

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

जुगल गाँउपालिका

गाँउ कार्यपालिकाको कार्यालय

**जुगल गाँउपालिकाको गाँउसभाको २० औं अधिवेशनका निर्णयहरु**

निर्णय नं १

यस सभाका सचिवले पेश गर्नुभएको जुगल गाँउपालिकाको आ. ब. २०८२।०८३ को वार्षिक प्रगति प्रतिवेदन (अनुसूचीमा रहेको) छलफलपश्चात सर्वसम्मतले स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं २

जुगल गाँउपालिका, गाँउकार्यपालिकाको मिति २०८३/०३/१० गतेको बैठकबाट पेश भए बमोजिमको आगामी आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम(अनुसूचीमा रहेको) सर्वसम्मतले स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं ३

जुगल गाँउपालिका, गाँउकार्यपालिकाको मिति २०८२/०३/१० गतेको बैठकबाट पेश भए बमोजिमको आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेट तथा कार्यक्रम अन्तर्गतको गाँउपालिकास्तरीय, विषयगत शाखास्तरीय र वडास्तरीय विनियोजन र प्रस्तावित कार्यक्रमसम्मिलित जुगल गाँउपालिकाको विनियोजन विधेयक, २०८३(अनुसूचीमा रहेको) सर्वसम्मतले स्वीकृत निर्णय गर्ने गरियो ।

निर्णय नं. ४

जुगल गाँउपालिका, गाँउकार्यपालिकाको मिति २०८२/०३/१० गतेको बैठकबाट पेश भए बमोजिमको आगामी आर्थिक वर्ष २०८३/०८४ को जुगल गाँउपालिकाको आर्थिक विधेयक, २०८३ (अनुसूचीमा रहेको) माथि छलफल गरी सर्वसम्मतले स्वीकृत गर्ने निर्णय गरियो ।

**रेशम स्याङबो**
अध्यक्ष

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

निर्णय नं. ५

आर्थिक वर्ष २०८१/०८२ को अन्तिम लेखापरीक्षण प्रतिवेदनले औंल्याएका विषयहरूलाई गाउँ सभाको यो बैठकले औपचारिक रूपमा जानकारीमा लिई ग्रहण गर्ने निर्णय गरियो। प्रतिवेदनमा देखिएका कागजात पेस गरी नियमित गर्नुपर्ने, असुलउपर गर्नुपर्ने तथा पेश्की फछ्र्यौट बाँकी रहेका बेरुजुहरूलाई आगामी आर्थिक वर्षभित्र शून्यमा झार्ने वा कानुनबमोजिम फछ्र्यौट गर्ने लक्ष्य लिई विशेष अभियान सञ्चालन गर्न गाउँ कार्यपालिकालाई निर्देशन दिइयो। बेरुजु फछ्र्यौट तथा आर्थिक अनुशासन कायम गर्न सम्बन्धित शाखा प्रमुख, लेखा प्रमुख र जिम्मेवार पदाधिकारीहरूलाई जवाफदेही बनाउने र यसको नियमित अनुगमन गर्न गाउँ कार्यपालिकालाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो।

निर्णय नं ६

जुगल गाँउपालिका अन्तर्गतका विभिन्न शाखा, वडा कार्यालय, स्वास्थ्य संस्था र कार्यालयहरुमा कार्यरत कर्मचारीहरुको तालिकामा उल्लेख भए बमोजिम म्याद थप गर्न गाँउ कार्यपालिकाको कार्यालयबाट पेश भएको निर्णय प्रस्तावलाई अनुमोदन गर्ने निर्णय गरियो ।

| क्र.सं. | नाम थर | तह | पद | कार्यालय | म्याद थप अवधि | पारिश्रमिक |
|---|---|---|---|---|---|---|
| 1. | विनोद गौतम | सातौं | सूचना प्रविधि अधिकृत | जुगल गाउँपालिका | २०८३/०४/०१ देखि २०८३ पौष मसान्तसम्म | नेपाल सरकारबाट स्वीकृत तलबमानको न्यूनतम रकम |
| 2. | सुनिल तामाङ | छैठौ | ईन्जिनियर | | २०८३/०४/०१ देखि २०८३ भाद्र मसान्तसम्म | |
| 3. | सन्तोष नेपाल | " | रोजगार संयोजक | | २०८३/०४/०१ देखि २०८४ असार मसान्तसम्म | नेपाल सरकारबाट स्वीकृत तलबमानको न्यूनतम रकम (स्थानीय भत्ता रु. ३,२१०) |
| 4. | सुजन काफ्ले | पाँचौ | सब-ईन्जिनियर | | २०८३/०४/०१ देखि २०८३ पौष मसान्तसम्म | |
| 5. | मनिता तामाङ | पाँचौ | रोजगार सहायक | | " | |

रेशम स्याङबो
अध्यक्ष

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

Date ________
Page ________

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 6. | सुलोचना दाहाल | पाँचौ | नेत्र सहायक | जुगल गाउँपालिका | २०८३/०४/०१ देखि २०८३ पौष मसान्तसम्म | नेपाल सरकारबाट स्वीकृत तलबमानको न्यूनतम रकम |
| 7. | रमा कार्की | पाँचौ | उद्यम विकास सहजकर्ता | | " | |
| 8. | अच्युत अधिकारी | चौथो | MIS Operator | | " | |
| 9. | लाल बहादुर बयक | चौथो | ना.प्रा.स. कृषि | जुगल गाउँपालिका | " | |
| 10. | नारायण पराजुली | चौथो | अमिन | | " | |
| 11. | जुना श्रेष्ठ | चौथो | पोषण सहजकर्ता | | २०८३/०४/०१ देखि २०८३ पौष मसान्तसम्म | |
| 12. | राज अधिकारी | चौथो | ना.प.से.प्रा.(पशु) | जुगल गाउँपालिका | " | |
| 13. | अञ्जु सापकोटा | चौथो | उद्यम विकास सहजकर्ता | ॥ | " | |
| 14. | रमेश तामाङ | प्रथम स्तर | हेभी सवारी चालक | जुगल गाउँपालिका | " | |
| 15. | हरि बहादुर खत्री | प्रथम स्तर | हलुका सवारी चालक | जुगल गाउँपालिका | " | |
| 16. | अर्जुन बहादुर मगर | प्रथम स्तर | " | | " | |
| 17. | सुनिल तामाङ | प्रथम स्तर | " | | २०८३/०४/०१ देखि २०८३ पौष मसान्तसम्म | नेपाल सरकारबाट स्वीकृत तलबमानको न्यूनतम रकम |
| 18. | गोबिन्द ढकाल | प्रथम स्तर | " | | " | |
| 19. | प्रकाश वि.क. | श्रेणी विहिन | स्काइभेटर सहयोगी (ज्यालादारी) | ॥ | " | ९१० (दैनिक) |
| 20. | रेशम सुन्दास | श्रेणी विहिन | खेल प्रशिक्षक | जुगल गाउँपालिका | २०८३/०४/०१ देखि २०८३ पौष मसान्तसम्म | नेपाल सरकारबाट स्वीकृत तलबमानको न्यूनतम रकम |
| 21. | विपि लाल लामा | प्रथम स्तर | कार्यालय सहयोगी | जुगल गाउँपालिका | " | |
| 22. | सुकदेव पौडेल | प्रथम स्तर | कार्यालय सहयोगी | जुगल गाउँपालिका | " | |

रेशम स्याङबो
अध्यक्ष

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 23. | सुस्मिता मगर | श्रेणी विहिन | कार्यालय सहयोगी (ज्यालादारी) | जुगल गाउँपालिका | २०८३/०४/०१ देखि २०८३ पौष मसान्तसम्म | ९१० (दैनिक) |
| 24. | सानु नेपाली | श्रेणी विहिन | कार्यालय सहयोगी (ज्यालादारी) | जुगल गाउँपालिका | " | ९१० (दैनिक) |
| 25. | सितादेवि वराल | श्रेणी विहिन | कार्यालय सहयोगी (ज्यालादारी) | जुगल गाउँपालिका | २०८३/०४/०१ देखि २०८३ पौष मसान्तसम्म | ९१० (दैनिक) |
| 26. | रुपा पौडेल | श्रेणी विहिन | कार्यालय सहयोगी (ज्यालादारी) | जुगल गाउँपालिका | " | ९१० (दैनिक) |
| 27. | गोविन्द बहादुर श्रेष्ठ | श्रेणी विहिन | कार्यालय सहयोगी (बिहानी सत्र) | जुगल गाउँपालिका | " | १०००० (मासिक) |
| 28. | भक्त कुमारी कामी | श्रेणी विहिन | कार्यालय सहयोगी (बिहानी सत्र) | जुगल गाउँपालिका | " | १०००० (मासिक) |
| **वडा तर्फः** | | | | | | |
| 29. | क्षेत्र विक्रम थापा | चौथो | वडा सचिव | जुगल १ सेलाङ | २०८३/०४/०१ देखि २०८३ पौष मसान्तसम्म | नेपाल सरकारबाट स्वीकृत तलबमानको न्यूनतम रकम |
| 30. | सुप्रिम लामा | चौथो | प्राविधिक | | " | नेपाल सरकारबाट स्वीकृत तलबमानको न्यूनतम रकम |
| 31. | ज्ञानेन्द्र विक्रम सिलवाल | प्रथम स्तर | का.स. | | " | |
| 32. | झलक बहादुर राना | चौथो | ना.प्रा.स | जुगल -२, गोल्चे | २०८३/०४/०१ देखि २०८३ पौष मसान्तसम्म | |
| 33. | प्रबिन भट्टराई | श्रेणी विहिन | का.स.(ज्यालादारी) | | " | ९१० (दैनिक) |
| 34. | सुब्बा तामाङ | चौथो | वडा सचिव | जुगल-३, गुम्बा | २०८३/०४/०१ देखि २०८३ पौष मसान्तसम्म | |
| 35. | बिना सिलवाल | चौथो | ना.प्रा.स ३ र ४ नं. वडा | | " | |

रेशम स्याङबो
अध्यक्ष

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

Date
Page

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 36. | भिम बहादुर तामाङ | प्रथम स्तर | का.स. | | " | नेपाल सरकारबाट स्वीकृत तलबमानको न्यूनतम रकम |
| 37. | राज लामा | चौथो | प्राविधिक | | " | |
| 38. | आशिष तामाङ | | प्राविधिक (ज्यालादारी) | जुगल-४, पाङताङ | २०८३/०४/०१ देखि २०८३ पौष मसान्तसम्म | १२७० (दैनिक) |
| 39. | सावित्री अधिकारी | चौथो | फिल्ड सहायक (MIS) | | | नेपाल सरकारबाट स्वीकृत तलबमानको न्यूनतम रकम |
| 40. | पदम बहादुर श्रेष्ठ | प्रथम स्तर | का.स. | | | |
| 41. | रामचन्द्र घिमिरे | चौथो | वडा सचिव | जुगल-५, बराम्ची | " | |
| 42. | जीवन मगर | प्रथम स्तर | का.स. | | " | |
| 43. | निशान तामाङ | श्रेणी विहिन | का.स.(ज्यालादारी) | जुगल-६, हगाम | २०८३/०४/०१ देखि २०८३ पौष मसान्तसम्म | ९१० (दैनिक) |
| 44. | कमल तामाङ | चौथो | प्राविधिक | जुगल-७, याङ्लाकोट | " | नेपाल सरकारबाट स्वीकृत तलबमानको न्यूनतम रकम |
| 45. | रेमान तामाङ | प्रथम स्तर | का.स. | | " | |
| स्वास्थ्य तर्फः | | | | | | |
| 46. | अमिता सुनुवार | चौथो | अ.न.मी. | सेलाङ स्वास्थ्य चौकी | २०८३/०४/०१ देखि २०८३ पौष मसान्तसम्म | नेपाल सरकारबाट स्वीकृत तलबमानको न्यूनतम रकम |
| 47. | पूर्ण कामी | चौथो | अ.हे.व. | लिदी सा.स्वा.ई., जुगल-२,गोल्चे | " | |
| 48. | नबिन तिरुवा | चौथो | | गुम्बा सा.स्वा.ई.जुगल-३, गुम्बा | " | |
| 49. | गोविन्द सुनार | चौथो | अ.हे.व. | बाँसखर्क सा.स्वा.ई., जुगल-१,सेलाङ | " | |
| 50. | शुभनारायण यादव | चौथो | अ.हे.व. | तेम्बाथान सा.स्वा.ई, जुगल-३, गुम्बा | " | |

रेशम स्याङबो
अध्यक्ष

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 51. | धन बहादुर नेपाली | चौथो | अ.हे.व. | पोखरे सा.स्वा.ई.,जुगल ५ पोखरे | २०८३/०४/०१ देखि २०८३ पौष मसान्तसम्म | |
| 52. | लक्ष्मी कुमारी चौधरी | चौथो | अ.न.मी | ताकु सा.स्वा.ई, जुगल-२, ताकु | " | |
| 53. | भक्त माया भुजेल | श्रेणी विहिन | का.स. (ज्यालादारी) | " | " | ७०० (दैनिक) |
| 54. | अनु खड्का | चौथो | अ.न.मी | बराम्ची स्वास्थ्य चौकी | " | नेपाल सरकारबाट स्वीकृत तलबमानको न्यूनतम रकम |
| 55. | मंजय कुमार मण्डल | चौथो | अ.हे.ब. | " | २०८३/०४/०१ देखि २०८३ पौष मसान्तसम्म | |
| 56. | मञ्जु तामाङ | चौथो | अ.न.मी | याङ्लाकोट आ.स्वा.से.के. जुगल ७ | " | |
| 57. | जयभुवन यादव | चौथो | अ.हे.ब. | " | " | |
| 58. | चिन बहादुर तामाङ | चौथो | अ.हे.ब. | " | " | |
| 59. | चिन बहादुर तामाङ | चौथो | अ.हे.ब. | हगाम स्वा.चौ. | " | |
| 60. | सुस्मिता तामाङ | पाँचौ | हे.अ. | " | " | नेपाल सरकारबाट स्वीकृत तलबमानको न्यूनतम रकम |
| 61. | रीता श्रेष्ठ | चौथो | अ.न.मी. | " | " | |
| 62. | दावा दोर्जे लामा | प्रथम स्तर | का.स. (ज्यालादारी) | गुम्बा सा.स्वा.ई., जुगल-२,गोल्चे | २०८३/०४/०१ देखि २०८३ पौष मसान्तसम्म | ७०० (दैनिक) |
| 63. | कविता वि.क. | प्रथम स्तर | का.स. (ज्यालादारी) | याङ्लाकोट आ.स्वा.से.के. जुगल ७ | " | ७०० (दैनिक) |
| 64. | पेमसोङ तामाङ | प्रथम स्तर | का.स. | " | " | |
| 65. | राजकपुर कुमार कुशवाहा | चौथो | अ.हे.ब. | गुम्बा स्वा.चौ. जुगल ३ गुम्बा | " | |

रेशम स्याङबो
अध्यक्ष

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

Date ________
Page ________

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 66. | सृजना थापा (चुवान) | प्रथम स्तर | का.स. | सेलाङ सा.स्वा.ई., जुगल-१,सेलाङ | " | नेपाल सरकारबाट स्वीकृत तलबमानको न्यूनतम रकम |
| 67. | फुल बहादुर स्याङ्वो | प्रथम स्तर | का.स. | गोल्चे स्वा.चौ.,जुगल २,गोल्चे | " | |
| 68. | सुनिता अधिकारी | चौथो | अ.न.मी. | " | | |
| 69. | जानुका नेपाल | प्रथम स्तर | का.स. | पोखरे सा.स्वा.ई., जुगल ५ पोखरे | २०८३/०४/०१ देखि २०८३ पौष मसान्तसम्म | |
| 70. | पेम्बा शेर्पा | प्रथम स्तर | का.स. (ज्यालादारी) | तेम्बाथान सा.स्वा.ई., जुगल-३, गुम्बा | " | ७०० (दैनिक) |
| 71. | रुप लाल दोङ | प्रथम स्तर | का.स. (ज्यालादारी) | लिदी सा.स्वा.ई., जुगल-२, गोल्चे | " | ७०० (दैनिक) |
| 72. | माहाकाली खड्का | चौथो | अ.न.मी. | सेलाङ स्वास्थ्य चौकी | " | नेपाल सरकारबाट स्वीकृत तलबमानको न्यूनतम रकम |
| 73. | रञ्जन थापा | पाँचौ | हे.अ. | " | " | |
| 74. | तुलसी कुमारी सिलवाल | चौथो | का.स. | " | " | |
| 75. | रविना तामाङ | प्रथम स्तर | का.स. (ज्यालादारी) | बाँसखर्क सा.स्वा.ई., जुगल-१,सेलाङ | २०८३/०४/०१ देखि २०८३ पौष मसान्तसम्म | ७०० (दैनिक) |
| 76. | मुनु स्याङ्बो | प्रथम स्तर | का.स. | बराम्ची स्वास्थ्य चौकी, जुगल-५ | " | नेपाल सरकारबाट स्वीकृत तलबमानको न्यूनतम रकम |
| 77. | कल्पना श्रेष्ठ | चौथो | अ.हे.ब. | " | " | |
| 78. | सिर्जना आचार्य | चौथो | अ.न.मी. | " | " | |
| 79. | ओष्पा खत्री | चौथो | अ.न.मी. | पाङताङ स्वास्थ्य चौकी | " | |
| 80. | निरा जिरेल | चौथो | अ.न.मी. | पाङताङ स्वास्थ्य चौकी | " | |
| 81. | सागर श्रेष्ठ | चौथो | अ.हे.ब. | " | " | |

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

**रेशम स्याङबो**
**अध्यक्ष**

Date
Page

निर्णय नं ७

जुगल गाँउपालिकाको गाँउ शिक्षा योजना स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं ८

जुगल गाँउपालिकाको उपाध्यक्ष श्री हिमाल कुमार श्रेष्ठले पेश गर्नु भएको न्यायिक समितिको प्रतिवेदन छलफलपश्चात अनुमोदन गर्दै पारित गर्ने निर्णय गरियो ।

निर्णय नं ९

जुगल गाँउपालिकाको सामाजिक विकास समिति, आर्थिक विकास समिति, सुशासन संस्थागत विकास तथा सेवा प्रवाह समिति, वन, वातावरण तथा विपद व्यवस्थापन समिति, भौतिक पूर्वाधार विकास समिति, लेखा समिति र विधायन समिति संयोजकज्यूहरुले पेश गर्नुभएको वार्षिक प्रगति प्रतिवेदन छलफलपश्चात अनुमोदन गर्दै पारित गर्ने निर्णय गरियो ।

निर्णय नं १०

जुगल गाँउपालिकाभित्र सञ्चालित अनुसूचिमा उल्लेखित विभिन्न गैरसरकारी संस्थाबाट आर्थिक वर्ष २०८३/०८४ को बजेट तथा कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो ।

**रेशम स्याङबो**
**अध्यक्ष**

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

## जुगल गाउँपालिकाको आ.व. २०८२/०८३ को प्रगति प्रतिवेदन

आय व्यय:

यस जुगल गाउँपालिकाको चालु आ.व.२०८२/०८३ को कुल बार्षिक बजेट रु.६३,२५,११,५१५।-( ६३ करोड २५ लाख ११ हजार ५१५ रुपैया मात्र) रहेको थियो।जसमा चालु बजेट तर्फ रु.३७,५६,९२,०१५।- (३७ करोड ५६ लाख ९२ हजार १५ रुपैया ) विनियोजन भएकोमा रु.३१,५७,७२,५५९।- (८४.१४%) खर्च भएको छ भने पुँजीगत बजेटतर्फ रु.२५,६८,१९,५००।- (२५ करोड ६8 लाख १९ हजार ५ सय रुपैया) विनियोजन भएकोमा जम्मा खर्च रु.२१,१९,१६,५३२।- (८२.३२%) खर्च भएको छ।समग्रमा कुल बजेटको ८३.४% खर्च भएको छ।

१.सुशासन तथा सार्वजनिक सेवा प्रवाहतर्फः

(क) सार्वजनिक सेवाः

१. सार्वजनिक खरिद सम्बन्धी कार्यहरु प्रचलित कानून बमोजिम विद्युतिय बोलपत्र, सिलबन्दी दरभाउ पत्र लगायतका माध्यमबाट गरिदै आएको छ।

२. गाउँपालिकाको स्वीकृत सांगठनिक संरचना तथा दरबन्दी तेरिज (O&M) अनुसार रिक्त रहेका पदहरूमा आवश्यक मानव संसाधनको व्यवस्था गरिएको छ। साथै, प्रदेश लोक सेवा आयोग, बागमती प्रदेशमार्फत स्थायी पदपूर्ति गरी सेवा प्रवाहलाई थप प्रभावकारी बनाइएको छ।

३. गाउँपालिकाको सांगठनिक स्वरुप र दरबन्दी तेरिज (O & M) बमोजिम कर्मचारीको पद अनुसार काम, कर्तव्य, अधिकार र उत्तरदायित्व समेटिएको कार्यविवरण लागू गरिएको छ।

४. गाउँपालिका कार्यालयबाट सम्पादन हुने दैनिक सेवा प्रवाहलाई थप नतिजा मुलक तथा प्रभावकारी बनाउन आन्तरिक व्यवस्थापन कार्यलाई सबलीकरण गरिएको छ ।

५. विभिन्न संघ तथा प्रदेशस्तरीय कार्यक्रम तथा तालिमहरुमा ३० जना कर्मचारीहरु ३१ पटक सहभागी भएका छन् ।

६. सेवा प्रवाह सम्बन्धी मापदण्ड (SOP: Standard Operating Procedure) निर्माण गरी लागू गरिएको छ।

७. सहायता कक्षबाट सेवा प्रवाहको लागि आवश्यक कागजात चेकजाँच हुनुका साथै निशुल्क निवेदन लेखिदै आएको छ।

८. कर्मचारी तथा जनप्रतिनिधिको २ दिने क्षमता विकास तालिम २०८२ चैत्र १९ र २० गते सञ्चालन गरिएको छ।

९. त्रैमासिक रुपमा गाउँपालिकाको आय र व्ययको समीक्षा गरिएको छ।

१०. नागरिक सरोकारको विषयमा सुचनामा पहुँचको लागि त्रैमासिक रुपमा स्वतःप्रकाशन गरिएको छ।

११. स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्र सम्बन्धी सेवा प्रभावकारी रूपमा प्रदान गर्न आवश्यक जनशक्ति र स्रोत-साधनको व्यवस्थापन गरिएको छ।

१२. स्वास्थ्य संस्थाहरुको कार्यालय व्यवस्थापनको लागि आवश्यक फर्निचरको व्यवस्था गरिएको छ।

१३. गाउँपालिकाका जनप्रतिनिधिहरुको क्षमता विकास गर्ने उद्देश्यले छिमेकी प्रदेशका विभिन्न गाउँपालिका/नगरपालिकाहरूमा कार्यान्वयन भएका असल अभ्यासहरूको अध्ययन, अवलोकन तथा अनुभव आदान-प्रदानका लागि ५ दिने भ्रमण तथा साक्षात्कार कार्यक्रम सम्पन्न गरिएको छ। उक्त कार्यक्रममा सम्बन्धित गाउँपालिकाहरूका सफल अभ्यास, सेवा प्रवाह, विकास व्यवस्थापन तथा सुशासनका पक्षहरूको अवलोकन गरी प्राप्त उपयोगी अनुभव तथा सिकाइबारे जुगल गाउँपालिकाका सबै कर्मचारीहरूसँग छलफल तथा अनुभव आदान-प्रदान गरिएको छ।

१४. गाउँपालिकाको अभिलेख व्यवस्थापनको लागि अभिलेखालयको व्यवस्था गरिएको छ।

१५. DATA SERVER मार्फत अभिलेखलाई Digitization गर्ने कार्य सुचारु गरिएको छ।

१६. Village Profile निर्माणको कार्य अन्तिम चरणमा पुगेको छ।

१७. ई-हाजिरी, CC-Camera एकीकृत व्यवस्थापन प्रणाली प्रयोगको लागि नियमित रुपमा अनुगमन गरी सेवा प्रवाहलाई थप छिटो, छरितो, पारदर्शी र नतिजामुखी बनाइएको छ।

१८. गाउँपालिकाको महत्वपूर्ण सूचनाहरु नियमित रुपमा गाउँपालिकाको वेवसाइट र facebook मार्फत प्रकाशित गरिएको छ ।

**(ख) व्यवसाय तथा राजश्व शाखाः**

1. आ.व २०८२/०८३ सम्म जम्मा ३१० वटा व्यवसायहरु दर्ता भई सञ्चालनमा रहेका छन्।

चालु आ.व.को श्रावण देखि हाल सम्ममा जम्मा ११ वटा नयाँ व्यवसायहरु दर्ता भएका छन् भने ६४ वटा व्यवसायहरु नविकरण भएका छन् ।

2. हालसम्म १२९ वटा उपभोक्ता समिति दर्ता भएका छन्।

3. गाउँपालिकामा राजश्व संकलन तथा व्यवस्थापनका लागि स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (SuTRA) लागु गरिएको छ । चालु आ.व.मा आन्तरिक आय तर्फ जम्मा भएको राजश्व को विवरण निम्न अनुसार रहेको छ ।

गाउँपालिका कार्यालय र वडा कार्यालयबाट संकलन भएको राजश्व विवरणः

| क्र.सं. | कार्यालय | जम्मा रकम (रु.) | कैफियत |
|---|---|---|---|
| 1. | गाउँपालिका कार्यालय | १,०६,६४,०५९ | स्लेट ढुङ्गाबाट संकलित रु. ६६ लाख रुपैयाँ |
| 2. | वडा नं.१ सेलाङ | ३,४०,१५२ | |
| 3. | वडा नं.२ गोल्चे | ३,७९,४४१ | |
| 4. | वडा नं.३ गुम्बा | ५,७८,८२५ | |
| 5. | वडा नं.४ पाङताङ | ५,२९,५७५ | |
| 6. | वडा नं.५ बराम्ची | ५,०९,०६२ | |
| 7. | वडा नं.६ हगाम | २,९२,३४९ | |
| 8. | वडा नं.७ याङ्लाकोट | २,६३,२११ | |
| | जम्मा | १,३५,५६,६७७ | १ करोड ३५ लाख ६ हजार छ सय सतसठ्ठी रुपैयाँ । |

(ग) कानून निर्माणः

१. कार्यालयबाट सम्पादन हुने कार्यलाई कानुन बमोजिम सञ्चालन गर्ने आवश्यकताका आधारमा ऐन, नियमावली, निर्देशिका तथा नीति तथा कार्यविधिहरु निर्माण तथा संशोधन गरी कार्यान्वयनमा ल्याइएको छ।

२. १ वटा कार्यविधि, वटा निर्देशिका र वटा ऐन निर्माण भएको छ।

(घ) योजना तथा कार्यक्रमः

१. P.M.S. System बाट १७६ वटा सम्झौता गरिएकोमा १७६ वटा हालसम्म भुक्तानी भएको छ।

२. २ वटा टोल विकास संस्था मार्फत ५ वटा योजनाहरु सञ्चालनमा रहेको छ।

३. गाउँपालिकाबाट सञ्चालित योजना तथा कार्यक्रमहरुको भुक्तानी गर्दा चरणबद्ध रुपमा अनुगमन गरी मुल्याङ्कन पश्चात मात्र भुक्तानी कार्य गरिँदै आएको छ।

२. सामाजिक विकास तर्फः

(क) शिक्षा, युवा तथा खेलकुदः

१. असहाय तथा अनाथ बालबालिकालाइ सुरक्षित आवास सहित शिक्षा प्रदान गर्न सेलाङ मा.वि.मा बालग्राम सञ्चालन गरिएको छ ।

२. विद्यालय एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS) २०८२ सम्बन्धी तथ्याङ्क संकलन, अधावधिक तथा व्यवस्थापन कार्य समयमै सम्पन्न गरिएको छ।

३. जुगल गाउँपालिका भित्रका विभिन्न विद्यालयका शिक्षकहरूलाई विद्यालय सञ्चालन क्षमता विकास र विषयगत शिक्षक तालिम सञ्चालन गरिएको छ।

४. करार शिक्षक विज्ञापन गरी रिक्त पदहरुमा शिक्षकहरुलाई पदस्थापन गर्ने कार्य भएको छ।

५. शिक्षक सरुवा सहजीकरण गरिएको छ।

६. ३५ वटा विद्यालयहरुको सुपरीवेक्षण तथा अनुगमन र नियमन गरिएको छ।

७. स्थानीय तह स्तरीय आधारभूत तह (कक्षा ८) को परीक्षा मूल्यांकन प्रमाणीकरण र नतिजा प्रकाशित गरिएको छ।

८. बालविकास शिक्षक, विद्यालय कर्मचारी तथा प्रधानाध्यापकहरु विच अन्तरक्रिया सम्पन्न भएको छ।

९. गाउँपालिका तथा जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता, करातै खेल तथा गाउँपालिका स्तरीय अतिरिक्त क्रियाकलाप सम्पन्न गरिएको छ।

१०.गाउँपालिकाबाट रिक्त रहेका विद्यालयहरुमा शिक्षक नियुक्ति गर्नको लागि पालिकास्तरबाट शिक्षक विज्ञापन गरिएको छ।

११.विभिन्न विद्यालयहरुमा शिक्षक तथा विद्यार्थीका लागि आधारभूत आँखा उपचार सम्बन्धी तालिम सञ्चालन गरिनुका साथै आँखा चेकजाँच सम्बन्धी आवश्यक सामग्री वितरण गरिएको छ।

१२. जुगल गाउँपालिका गाउँ शिक्षा योजना निर्माण कार्य अन्तिम चरणमा रहेको छ ।

१३.विद्यालयको शैक्षिक तथा प्रशासनीक सुधारका लागि पालिका स्तरीय प्रधानाध्यापक बैठक तथा गाउँ शिक्षा समितिको बैठक प्रत्येक २÷२ महिनामा सञ्चालन गरिएको छ ।

१४.विद्यार्थीहरुको बौद्धिक क्षमता विकास तथा प्रतिभा पहिचानको लागि पालिका भित्रका सामुदायिक विद्यालय स्तरीय हाजिरी जवाफ प्रतियोगिता र आधारभूत विद्यालय स्तरीय हिज्जे प्रतियोगिता सञ्चालन गरिएको छ ।

१५.जुगल गाउँपालिका अन्तर्गत सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षक तथा कर्मचारीहरुको तलबभत्ता तथा पारिश्रमिक बाफतको रकम दोस्रो त्रैमासिक निकासा कार्य सम्पन्न गरिएको छ ।

रेशम स्याङबो
अध्यक्ष

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

१६.गाउँपालिका भित्र सञ्चालनमा रहेका सबै सामुदायिक विद्यालयहरूमा कक्षा ६ भन्दा माथिको छात्राहरूको लागि गुणस्तरीय स्यानिटरी प्याड उपलब्ध गराईएको छ ।

१७.विद्यार्थीहरूलाई दिवा खाजा व्यवस्थापन कार्यक्रम अन्तर्गत साउन देखि चैत्र महिनासम्मको एकमुष्ट रकम निकासा गरिएको छ ।

१८.विद्यालय स्तरोन्नत घेराबार र मर्मत गर्नको लागि सम्झौता गरेर काम भए नभएको अनुगमन कार्य गरिएको छ ।

१९.विद्यार्थीहरुलाइ प्रत्येक विद्यार्थी लागतका आधारमा शैक्षिक सामग्री, दलित छात्र र सबै छात्रालाइ छात्रवृती बाफतको रकम प्रदान गरिएको छ ।

२०.शिक्षक मेन्टरिङ कार्यक्रम समापन गरिएको छ ।

(ख) महिला, बालबालिका, जेष्ठ नागरिक तथा लक्षित वर्ग:

१. बाबुआमा विहिन(दुबैको मृत्यु भएको) बालबालिकाहरुलाई सामाजिक संरक्षण बापत प्रदेश सशर्त कार्यक्रम अन्तर्गत १८ वर्ष सम्म मासिक दुई हजार रुपैयाँ वितरण गर्दै आएको ।

२. यस आ व मा १४ जना थप भई हालसम्म २११ जनालाई अपाङ्गता परिचय पत्र वितरण गरिएको छ ।

३. यो बर्ष ६ जना थप भई हालसम्म २०४ जनालाई जेष्ठ नागरिक परिचय पत्र वितरण गरिएको छ ।

४. शारिरीक अपाङ्गता भएका बालबालिकाहरुको स्वास्थ्य उपचार, शल्यक्रिया तथा पुनर्स्थापनाका लागि अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापना केन्द्र बनेपासँग द्विपक्षीय सम्झौता भई हाल ७ जना अपाङ्गता भएका बालबालिकाले उपचार सेवा पाएका छन् ।अपाङ्गता पहिचान सम्बन्धी १ दिने घुम्ति शिविर कार्यक्रम संचालन गरि ८ जनालाई सहायक सामग्री वितरण गरिएको छ ।

५. लैङ्गिक हिंसा विरुद्ध १६ दिने अभियानमा सरोकारवाला (जनप्रतिनीधि, महिला समूह, आमा समुह) बीच चेतनामुलक लोकगीत कार्यक्रम सम्पन्न भएको छ ।

६. सामाजिक विकास कार्यालय काभ्रेपलान्चोकको समन्वय तथा जुगल गाउँपालिकाको आयोजनामा गृहिणी महिला सशक्तिकरण कार्यक्रम अन्तर्गत जुगल ३ गुम्बामा २५ जना महिलाहरुको सहभागितामा १५ दिने होमस्टे तालिम, जुगल ७ याङलाकोटमा ३० जना महिलाहरुको सहभागितामा डल्ला साबुन, झोल साबुन र हार्पिक बनाउने तालिम, र जुगल ५ ढाँडेमा २० जना गृहिणी महिलाहरुको सहभागितामा १६० घण्टे ढाका बुनाइ तालिम सञ्चालन गरिएको छ ।

७. जुगल गाउँपालिका वडा नं १ सेलाङको श्री क्रयाशिल महिला बचत तथा ऋण सहकारी संस्था वडा नं ६ को खानीडाँडा आमा समुह र वडा नं ५ मा रहेको लालिगुँरास आमा समुहहरुको समन्वयमा विभिन्न सांस्कृतिक कार्यक्रमहरु गरि अन्तराष्ट्रिय नारि दिवस मनाइएको छ र साथै आमा समुहहरुलाई कुर्सि र डसविन वितरण गरिएको छ ।

८. जुगल गाउँपालिका वडा नं ४ मा रहेका सुनौलो हजार दिनका आर्थिक अवस्था कम्जोर भएको शारिरीक अपाङ्गता भएका आमालाई नगद रु १५००० हजार र आमा बच्चालाइ न्यानो कपडा, भाडकुँडा वितरण गरि सहयोग गरिएको छ ।

९. श्री बोल्दे आमा समुहका सदस्यहरुलाइ ७ दिने डल्ला साबुन झोल साबुन र हार्पिक बनाउने तालिम ३० जना सदस्यहरुको सहभागितामा सम्पन्न गरिएको छ ।

१०. मानसिक विचलन भएको जुगल ५ निवासी १ जना महिलालाई आवश्यक सहायता प्रदान गरी महिला आत्मनिर्भरता केन्द्रमा राखिएको छ ।

११ जुगल गाउँपालिका वडा नं २ किप्चे वडा नं ३ पाग्पुर वडा नं ५ को श्री सेती देवि मा वि र श्री रामेश्वर मा विमा बालविवाह अन्यकालिगि समुदाय परिचालन सम्बन्धी र विद्यालय स्तरमा अभिमुखिकरण कार्यक्रम सम्पन्न गरिएको छ ।

(ग) स्वास्थ्य:

1. मृगौला प्रत्यारोपण, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका हाल सम्म जम्मा ३७ जना बिरामीहरुले मासिक रू ५००० का दरले रु.१०,४०,०००।- रकम उपचार खर्च प्राप्त गरेका छन् ।

2. सबै वडाहरुमा ६-१० कक्षासम्मका छात्राहरु र १०-१४ वर्ष सम्मका विद्यालय नजाने किशोरीहरुलाई नियमित खोपमा विद्यालय केन्द्रित एच.पी.भी. खोप अभियान 2082/083 मा ९७% प्रगति हाँसिल गरी सम्पन्न भएको छ।

3. २० जनाले विपन्न तथा असहाय रोगी व्यक्तिहरुलाई औषधि उपचार सहायता खर्च बापत रु. ४,९०,०००।- प्राप्त गरेका छन् भने 26 जनाले एकतर्फी निःशुल्क एम्बुलेन्स सेवा अन्तर्गत रु.७०,५००।- सुत्केरी यातायात खर्च प्राप्त गरेका छन् ।

4. सुत्केरी महिलाहरुका लागि एकतर्फी निःशुल्क एम्बुलेन्स सेवा अन्तर्गत 17 जना तथा अति विपन्नहरू ५ जनाले निःशुल्क एम्बुलेन्स सेवा प्राप्त गरेका छन् ।

5. मिति 2082/09/13 र 2082/09/14 गते छाला रोग, बाल रोग, जनरल रोग, श्रवण, दृष्टि, दन्त परिक्षण, रक्त समूह पहिचान, बाथ रोग र मुटु रोग सम्बन्धी निःशुल्क स्वास्थ्य शिविर सञ्चालन भएकोमा जम्मा ५९० जना महिला र ५८८ जना पुरुष गरि जम्मा ११७८ जनाले सेवा प्राप्त गरेका छन् ।

6. मिति 2082/12/04 देखि 2082/12/09 गते सम्म मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत गर्भवती महिलाहरुको गर्भ जाँचका लागि निःशुल्क ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रम सञ्चालन भएकोमा जम्मा ६४ जना गर्भवती महिलाहरुले सेवा प्राप्त गरेका छन् ।

7. मिति 2082/12/15 देखि 2082/12/२१ गते सम्म ३०-४९ वर्षका सबै महिलाहरुको HPV-DNA विधिबाट पाठेघरको मुखको क्यान्सरको स्क्रिनिङका लागि सबै वडाहरुमा निःशुल्क घुम्ती शिविर सञ्चालन भएकोमा जम्मा ३९६ जनाले सेवा प्राप्त गरेका छन् ।

8. नसर्ने रोगहरु (मधुमेह, उच्च रक्तचाप, मृगौला सम्बन्धी रोग, शरीरको उचाई र तौलको अनुपात) पहिचानका लागि एक महिने अभियान सञ्चालन कार्यक्रम अन्तर्गत मिति **2083 साल बैशाख** १ देखि ३१ सम्म ३० वर्ष भन्दा माथि उमेरका सबै व्यक्तिहरुको स्वास्थ्यकर्मीहरुद्वारा मधुमेह, उच्च रक्तचाप, मृगौला सम्बन्धी रोग, शरीरको उचाई र तौलको अनुपात पहिचान गर्ने अभियान यस जुगल गाउँपालिकाका सबै वडाहरुमा सञ्चालन भइरहेको छ ।

9. सबै वडाहरुमा प्रजनन् रुग्णता सम्बन्धि निःशुल्क घुम्ती शिविर मिति २०८३/०२/०६ देखि 2083/०२/14 गते सम्म सञ्चालन भएकोमा ३०-४९ वर्षका सबै महिलाहरुको VIA विधिबाट पाठेघरको मुखको क्यान्सरको स्क्रिनिङ सेवा जम्मा ६१ जनाले प्राप्त गरेका छन् साथै पोजिटिभ केस २० जनाले उपचार सेवा प्राप्त गरि कुल जम्मा ८१ जनाले सेवा प्राप्त गरेका छन्।

10.मिति २०८३/०२/२७ गतेका दिन गाउँपालिका स्तरीय पूर्ण खोप वडाहरु सुनिश्चतता प्रमाणिकरण सभा कार्यक्रम सम्पन्न भएको छ ।

नागरिक आरोग्य सेवा केन्द्रः

१. जुगल गाउँपालिकामा आ.व. २०८२/०८३ मा नागरिक आरोग्य सेवा केन्द्र सञ्चालनका लागि आवश्यक स्रोत-साधन तथा जनशक्तिको व्यवस्थापन गरी स्थानीय समुदायस्तरमा रोग निवारण, उपचार तथा स्वास्थ्य सचेतना अभिवृद्धि गरी आयुर्वेद सम्बन्धी स्वास्थ्य सेवामा पहुँच विस्तार, जडिबुटीजन्य उपचार पद्धतिको प्रवर्द्धन, रोग निवारण तथा स्वास्थ्य संवर्द्धनका गतिविधिहरू सञ्चालन गर्नुका साथै आयुर्वेदिक औषधि वितरण सेवा प्रदान गरिएको छ।

२. उक्त सेवा केन्द्रमार्फत जडिबुटीजन्य उपचार सेवाबाट ८ जना सेवाग्राही लाभान्वित भएका छन्।

पोषण तर्फ

1. सात वटा वडाका विभिन्न टोल र समुदायका २९९ जना सुनौलो हजार दिनका आमा गर्भवती महिला र जनप्रतिनिधि महिला स्वास्थ्य स्यमंसेविका र कर्मचारीहरुको सहभागितामा पोषिलो जाउलो प्रदर्शन कार्यक्रम सम्पन्न गरिएको छ।

2. दिवा खाजा कार्यक्रमलाइ व्यवस्थित गर्नका लागि श्री सेलाङ मा विमा फलामे टनेल निर्माण तथा विद्यालय करेशाबारी स्थापना गरिएको छ ।

3. जुगल गाउँपालिकाको सबै वडाहरुमा सुनौलो हजार दिनका आमाहरु, जनप्रतिनिधि, स्वास्थ्यकर्मी, शिक्षक पोषण समिति र महिला स्वास्थ्य स्वंयसेविका आमा समूहको सहस्यहरुको सहभागितामा हरेक बार खाना चार सम्बन्धि व्यवहार परिवर्तनका लागि पोषण नाङ्लो प्रदर्शन कार्यक्रम सञ्चालन गरि १४ जना आमाहरुलाइ प्रदर्शन गरेको सामग्री वितरण गरियो ।

4. पोषण मैत्री नमुना गाउँ निर्माणको लागि वडा नं. २ र ७ छनौट गरि विभिन्न क्रियाकलापहरु सञ्चालन गरिएको छ ।

5. जुगल गाउँपालिका वडा नं ७ का सुनौला हजार दिनका २० जना आमाहरुलाइ घरमै पोषण बगैंचा निर्माणको लागि चाहिने आवश्यक सामग्रीसहित २ दिने तालिम प्रदान गरिएको छ ।

6. गर्भवती आमाहरुको लागि प्रत्येक भेट अण्डा १ क्रेट कार्यक्रम सबै वडामा सञ्चालन भएको छ हाल गर्भ जाँच गरे वापत प्रत्येक भेट अण्डा १ क्रेट सेवा जना गर्भवती आमाहरुलाइ वितरण गरिएको छ ।

7. पोषण मैत्री स्वास्थ्य संस्था घोषण उन्मुख कार्यक्रम को वर्गिकरण गरि कार्यक्रम सञ्चालन गरिएको छ ।

8 सुनौलो हजार दिनका विपन्न महिलाहरुको आयआर्जन अनुदानका वितरणका लागि जुगल गाउँपालिका वडा नं ३ का २० जना वडा नं ४ का ५ जना र वडा नं ६ का ३ जना गरि जम्मा २८ जना सुनौला हजार दिनका महिलाहरु छनोट गरिएको छ ।

९ श्री सेतीदेवि मा वि र श्री रामेश्वर मा विमा महिनावारी सरसफाइ र स्वच्छता सम्बन्धी १ दिने अभिमुखिकरण कार्यक्रम सम्पन्न भएकोछ ।

ग्रामीण आँखा केन्द्रः

१. गाउँपालिकाद्वारा सञ्चालन गरिएको ७ वटै वडामा निःशुल्क आँखा शिविर सञ्चालन गरिएको छ र उक्त शिविर कार्यक्रमबाट १८६२ जनाले लाभ लिएका छन् । त्यसैगरी तिलगंगा आँखा प्रतिष्ठानको सहयोगमा २४ जनाको निशुल्क मोतिविन्दु शल्यक्रिया गरिएको छ।

२. गाउँपालिकाद्वारा गरिएको निःशुल्क आँखा शिविरबाट मोतिविन्दु छनौट भएकाहरुको शल्यक्रियाको लागि आवतजावत गर्न निःशुल्क सवारी साधनको व्यवस्था गरिएको छ ।

३. जुगल ग्रामीण आँखा केन्द्रबाट यो आ व मा हालसम्म १९८ महिला र १९५ जना पुरुष गरी जम्मा ३९३ जना सेवाग्राहीले सेवा प्राप्त गरेका छन्।साथै ३६ जना जेष्ठ नागरिकहरुलाई निःशुल्क आँखा जाँच गरिएको छ ।

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

**रेशम स्याङबो**
**अध्यक्ष**

४. जुगल गाउँपालिकाको आयोजनामा जुगल ग्रामिण आँखा केन्द्रले ८ वटा विद्यालयहरुमा विद्यालय आँखा स्वास्थ्य अनुगमन र चेकजाँच गर्दा आवश्यक परामर्श तथा औषधि उपलब्ध गराएको छ ।

५. जुगल ग्रामिण आँखा केन्द्रबाट हालसम्म रेफर भएर आएका १०६ जना विद्यार्थीको निशुल्क चेकजाँच गरि २० जनालाई निःशुल्क चस्मा वितरण गरिएको छ।

६. जुगल ग्रामिण आँखा केन्द्रबाट हालसम्म २७ जनालाई आकस्मिक सेवा प्रदान गरिएको छ।

(घ) सामाजिक सुरक्षा तथा पञ्जिकरण:

१. हालसम्म पुराना २५१५ जना र यो वर्ष नयाँ थप ८५ जना गरी जम्मा २६०० जना लाभग्राहीहरु सामाजिक सुरक्षा भत्तामा आवद्ध छन् । यो वर्ष सामाजिक सुरक्षा तर्फ कुल रु १० करोड ९० लाख ५८ हजार ८ सय २५ रुपैयाँ प्रहरी, बैंक कर्मचारी र गाउँपालिकाका कर्मचारीहरुको उपस्थितिमा वडा कार्यालय मार्फत वितरण गरिएको छ ।

२. हाल सम्म गाउँपालिकामा आएको राष्ट्रिय परिचयपत्र ११७९६ मा गाउँपालिकाको ७ वटै वडा कार्यालय गएर वितरण गरि हाल सम्म ५८९० जनाको वितरण कार्य सकिएको छ ।

३. आ.व २०८१/०८२ को चौथो त्रैमासिक श्रावणमा र आ.व. २०८२/०८३ को प्रथम, दोश्रो र तेश्रो त्रैमासिक सामाजिक सुरक्षा भत्ता जुगल गाउँपालिकाका सातै वडा मार्फत वितरण गरिएको छ ।

४. आ.व २०८२/०८३ सम्म ज्येष्ट दलित ७३ जना, अन्य ज्येष्ठ १८४९ जना, ज्येष्ठ एकल महिला ११३ जना, विधुवा १९७ जना, पूर्ण अपाङ्ग ५२ जना, अति असक्त अपाङ्ग १०३ जना र दलित बालबालिका १२८ जना गरी जम्मा २५१५ जना रहेका छन् जस मध्ये ८५ जना नयाँ लाभग्राही थप भएका छन् भने ६७ जनाको लगत कट्टा गरिएको छ ।

५. आ.व २०८२/०८३ काठे हाल सम्म दर्ता भएका व्यक्तिगत घटना दर्ताहरु जन्म दर्ता २५५, मृत्यु दर्ता ३३, सम्बन्धविच्छेद २९, विवाह दर्ता ३२, बसाइसराई गएकाठे ५ परिवारका १६ जना रहेका छन् ।

(ङ) जीवन बीमा:

- ४३ जना सशस्त्र द्वन्द्वमा ज्यान गुमाएका वा घाइते व्यक्ति तथा अति विपन्न परिवारहरुको लागि १ लाखको जीवन विमा गरिएको मा हाल सम्म ४२ जनाको नविकरण गरिएको छ ।

(च) पर्यटन तथा धर्म संस्कति :

१. जुगल गाउँपालिकाको महत्वपूर्ण आर्थिक संवाहकको रुपमा रहेको जुगल पर्यटनको व्यवस्थापनका निम्ति पर्यटकीय सेवाहरुको मूल्य निर्धारण गरिएको छ ।

२. पर्यटक र व्यवस्थापक कम्पनीहरुले पालना गर्नुपर्ने नियमहरु निर्माण गरी लागू गरिएको छ ।

३. जुगल हिमाल क्षेत्रमा प्रवेश शुल्कको व्यवस्था गरिएको छ ।

४. जुगल क्षेत्रमा हुने फोहोर र फोहोर व्यवस्थापनका लागि गारबेज सिफारिस शुल्क तोकी आवश्यक नियमन गरिएको छ ।

५. जुगल गाउँपालिका ३ गुम्बा र ६ हगामका जम्मा २५ जनाले व्यवसायिक होमस्टे तथा घरबास अभिमुखिकरण तालिम प्राप्त गरेका छन् ।

६. जुगल हिमालको आधार शिविर पाल्मोथाङमा दिगो पर्यटन परियोजना र जुगल गाउँपालिकाको संयुक्त आयोजनामा खानेपानी परियोजना सम्पन्न भएको छ ।

७. गाउँपालिका र नेपाल पर्यटन बोर्डबिच माउन्टेन गाइड तालिम र जुगल सांस्कृतिक प्रवर्द्धन कार्यक्रम सम्पन्न भएको छ ।

८. करिब ५७०० मिटर उचाइमा रहेको अनक्लाइम्ड पिकलाई "जुगल एभरेष्ट भ्यूप्वाइन्ट (ट्रेकिङ पिक)" नाम दिई ट्रेकिङ पिक को रुपमा अध्ययन गर्ने कार्य सम्पन्न भएको छ ।

३. आर्थिक विकासतर्फ:

(क) कृषि विकास:

1. रासायनिक मलको लागि ३ वटा सहकारीहरुलाई ९५mt. युरिया (१९०० बोरा ५० के.जी.को) र ५0mt. डि.ए.पी. (१००० बोरा ५० के.जी.को) खरिद तथा वितरणका लागि कोटा निर्धारण गरी हाल सम्म तीनै वटा सहकारीहरुले मल वितरण गरिरहेका छन् ।

2. यो आ व मा १ वटा कृषि समूह दर्ता, ८ वटा नविकरण र १ वटा कृषि सहकारी दर्ता र ३ वटा नविकरण भएको छ ।

3. च्याउ खेती प्रवर्द्धन कार्यक्रम (विद्यालय र समुदायमा) अन्तर्गत 10 वटा माध्यमिक विद्यालयहरु र 3 वटा कृषि समूहहरुसँगको साझेदारीमा कन्ये च्याउ खेती प्रविधि सिप सिकाउने कार्य सम्पन्न भएको छ।

4. डेरी तथा दुध चिस्यान केन्द्र स्थापना कार्यक्रम हिमशिखर महिला समूहद्वारा वडा नं -०५ बराम्चीमा सञ्चालनमा ल्याएको छ।

5. खाद्यान्न तथा तरकारीको उन्नत जातको वीउ वितरण कार्यक्रम अन्तर्गत मकैको उन्नत जातको वीउ ३६ घर परिवारलाई वितरण गरिएको छ।

6. किनी खाने होइन बेची खाने गाउँपालिका अभियान कार्यक्रम अन्तर्गत २ वटा कृषि फर्मसँगको साझेदारीमा अकबरे खुर्सानी खेतीको क्षेत्र विस्तार गरिएको छ।

7. माटो शिविर तथा कृषि सर्वेक्षण कार्यक्रम अन्तर्गत जुगलको ७ वटै वडाहरुमा १८९ वटा माटोको नमुना परिक्षण गरिएको छ, जसमा नाईट्रोजन र फोस्फोरसको मात्रा मध्यम रहेको र पोटासियमको मात्रा कम रहेको र माटोको पि. एच तथस्ट पाइएको छ।

8. आलु बीउ उत्पादन कार्यक्रम अन्तर्गत १८ जना कृषकहरुलाई आलुको बीउ उत्पादन सम्बन्धी तीन दिने तालिम सहित चार वटा प्लाष्टिक पोखरी निर्माण, ५ वटा मिनिटिलर र २० रोपनी जग्गामा आलुको बीउ उत्पादन गरिएको छ।

9. कृषि पशुपन्छी तथा मत्स्य तथ्यांक अध्यावधिक कार्यक्रम अन्तर्गत जुगलको वडा नं २ ४ र ५ गरी जम्मा ६४० वटा तथ्यांक नमूनाको रुपमा संकलन गरिएको छ।

10. व्यवसायिक तरकारी खेतीको क्षेत्र विस्तार कार्यक्रम अन्तर्गत जुगल ०७ याङलाकोटमा रहेको हगाम याङलाकोट साना किसान सहकारीका २९ जना ईच्छुक कृषकहरुलाई तरकारी खेती सम्बन्धी तीन दिने तालिम सहित कृषि सामाग्रीहरु वितरण गरिएको छ।

11. आलुबाली विकास केन्द्र, निगाले सिन्धुपाल्चोकको आयोजनामा जुगल -०६ हगामका कृषकहरुलाई स्वस्नगत बीउ आलु उत्पादन सम्बन्धी प्रविधि तालिम प्रदान गरिएको छ।

12. पोषणमैत्री स्थानीय शासन प्रवर्द्धन अन्तर्गत जुगल ७ याङलाकोटका २० जना सुनौलो १००० दिनको आमाहरुलाई घरमै पोषण बगैंचा निर्माण तालिम सञ्चालन गरी कृषि सामाग्रीहरु वितरण गरिएको छ।

13. कृषि तथा पशुपन्छी प्रवर्द्धन कार्यक्रम, जुगल गा.पा. र कृषि औजार तथा सामाग्री खरिद कार्यक्रम अन्तर्गत ५० प्रतिशत अनुदानमा ६४ वटा मिनिटिलर र ७ वटा कोदो चुट्ने र फल्ने थ्रेसर वितरण गर्ने तयारीमा रहेको छ।

14. व्यवसायिक मौरी प्रवर्द्धन कार्यक्रम अन्तर्गत ३ दिने आधुनिक मौरी पालन सम्बन्धी तालिम र परम्परागत तथा आधुनिक मौरी सहितको घार वितरण गर्ने तयारीमा रहेको छ।

(ख) पशु सेवा:

१. कृषि तथा पशुपन्छी बीमा प्रोत्साहन कार्यक्रम अन्तर्गत ३५० वटा पशुहरुको १ करोड २० लाख रुपैया बराबरको बीमा गरिएकोमा हालसम्म ४५ वटा पशुहरुको बीमा दावि बापत १७ लाख रुपैया भुक्तानी भएको छ।

२. चौरीपालक कृषकहरूलाई पशु सेवा कार्यालय धुलिखेलबाट रु. ४०,००,०००।-, गाउँपालिकाबाट रु. १३,३३,३३३।- र स्थानीय समूहबाट रु. १३,३३,३३३।- गरी जम्मा रु. ६६,६६,६६६।- आर्थिक सहयोग र जुगल गाउँपालिकाको प्राविधिक सहयोगमा जम्मा १५ घुम्ती गोठका २६ जना कृषकहरुलाई प्रति गोठ २ चौरी/याक खरिद गरी सहयोग गरिएको छ।

३. बाख्राहरूको महामारी रोग (पि.पि.आर.) विरुद्धको ८,००० डोज खोप र गाई, गोरु, चौरी, याक तथा भैंसीहरूलाई लम्पी स्किन डिजिज रोग विरुद्धको ४,००० डोज खोप लगाइएको छ ।

४. सामूहिक र व्यावसायिक उत्पादन साझेदारी कार्यक्रम अन्तर्गत ३ वटा फर्महरुलाई आवासीय दाना पिस्ने मेसिन तथा दाना–पानीको भाँडा व्यवस्थापनको लागि सहयोग गरिएको छ र १९ फर्मका लागि बाख्राको खोर निर्माण तथा घेराबार कार्य अन्तिम चरणमा पुगेको छ ।

५. सामूहिक र व्यावसायिक उत्पादन कार्यक्रम अन्तर्गत जुगल गाउँपालिकाको प्राविधिक सहयोगमा पशुपन्छीमा लाग्ने विभिन्न रोगहरू (निमोनिया, रुघाखोकी, ज्वरो, मिल्क फिवर आदि) को परामर्श, उपचार र रोकथाम गरिएको छ। जसअन्तर्गत २६७ वटा बाख्रा, २३३ वटा गाई/गोरु, १२८ वटा राँगा/भैंसी तथा १९५ वटा चौरी/याकको उपचार गरिएको छ भने डिस्टोकिया (जटिल प्रसूति) भएका २८ वटा (गाई ९, भैंसी ११ र बाख्रा ८) को परामर्श, उपचार र रोकथाम गरिएको छ।

६. जुगल गाउँपालिकाको प्राविधिक सहयोगमा ५ वटा बहर र ७० वटा बोका गरी जम्मा ७५ वटाको बन्ध्याकरण गरिएको छ।

(ग) श्रम तथा रोजगार :

आर्थिक वर्ष २०८२/०८३ मा जुगल गाउँपालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत स्थानीय तहमा रोजगार सिर्जना तथा बेरोजगार नागरिकलाई न्यूनतम रोजगार उपलब्ध गराउने उद्देश्यले विभिन्न श्रममूलक आयोजनाहरु सञ्चालन गरेको छ।

1. यस आर्थिक वर्षमा गाउँपालिकामा कुल ३३२ जना बेरोजगार व्यक्ति सूचीकृत भएका छन्, जसमा १६६ जना पुरुष र १६६ जना महिला रहेका छन्।

2. कार्यक्रम अन्तर्गत १४ वटा आयोजना सञ्चालन गरिएका छन् । तीमध्ये १४ वटा नै आयोजना सम्पन्न भइसकेका छन ।

3. रोजगारका लागि ५९ जना लाभग्राही छनोट गरिएकोमा ५८ जना लाभग्राही रोजगारमा संलग्न भएका छन् ।

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

**रेशम स्याङबो**
**अध्यक्ष**

4. कार्यक्रम मार्फत हालसम्म ४१८३ रोजगार दिन सिर्जना गरिएको छ, जसले स्थानीय नागरिकको आयआर्जन वृद्धि तथा स्थानीय पूर्वाधार विकासमा महत्वपूर्ण योगदान पुऱ्याएको छ।

<u>वैदेशिक रोजगार सेवा केन्द्र तर्फ:</u>

वैदेशिक रोजगार कल्याणकारी कोष अन्तर्गत :

- शव झिकाउने सहायता: ३ परिवार
- शव ढुवानी सहायता: ३ परिवार
- छात्रवृत्ति प्राप्त विद्यार्थी: १८ जना
- अंगभंग सहायता: ५ जना

१ सुरक्षित वैदेशिक रोजगारी सम्बन्धि कार्यक्रममा सातै वटा वडाको गरि २०७ महिला र १५८ पुरूष गरी जम्मा ३६५ जनालाई सुरक्षित वैदेशिक रोजगार सम्बन्धि अभिमुखिकरण गरिएको ।

(घ) उद्यम विकास:

1. लघु उद्यम विकास साझेदार कार्यक्रम अन्तर्गत ४० जना उद्यमीहरुलाई गलैंचा व्यवसाय सञ्चालन गर्न उपयुक्त प्रविधि अन्तर्गत ४० वटा तान सेट हस्तान्तरण गरिएको छ साथै ४० जना उद्यमीलाई गलैंचा व्यवसाय सिप विकास तालिम प्रदान गरिएको छ ।जसमा १८ जनाको २०% लागत साझेदारी र २२ जनालाई प्रदेश सरकारबाट १००% अनुदानमा प्रविधि हस्तान्तरण भएको छ ।

2.२८ जना उद्यमीलाई व्यवसाय सचेतता तथा शुरु, लैङ्गिक तथा सामाजिक समावेशीकरण तालिम साथै ४३ जना उद्यमीलाई तरकारी व्यवसाय सिप तालिम सम्पन्न गरी उपयुक्त प्रविधी हस्तान्तरण अन्तर्गत २० जना लाई ड्रम, टनेल प्लास्टिक २० प्रतिशत लागत साझेदारीमा र थोपा सिँचाई पाइप टनेल प्लास्टिक २३ जना लाई प्रदेश सरकारबाट १००% अनुदानमा प्रविधि हस्तान्तरण भएको छ ।

3. नयाँ उद्यमी सृजना गर्न २३ जनाको सहभागितामुलक ग्रामीण लेखाजोखा कार्यक्रम सम्पन्न गरिएको छ।

4. ३२ जना सहभागीहरुलाई कफी खेती सीप तालिम प्रदान गरी प्रदेश सरकारबाट १००% अनुदानमा प्रविधि हस्तान्तरण गरिएको छ।

5. यस आ व २०८२।८३ मा ११८ जनालाई सीप तालिम प्रदान गरिएको छ भने नयाँ र पुरानो उद्यमी गरी १३७ जना उद्यमीहरुलाई उपयुक्त प्रविधि हस्तान्तरण गरिएको छ।

## ४. भौतिक पूर्वाधार विकासतर्फ:

(क) भौतिक पूर्वाधार

आ.ब.२०८२/०८३ मा गाउँपालिकाको योजनाहरु ठेक्का मार्फत १५, कोटेशन मार्फत ११ र उपभोक्ता समिति मार्फत १७६ गरी कुल २०२ योजनाहरु सञ्चालनमा रहेका छन्।

1. गाउँपालिकाभित्र कुल २८ कि.मी.सडक स्तरोन्नती तथा बाटो सरसफाई र ८ कि.मी. नयाँ ट्राक निर्माण भएको छ।

2. जुगल गाउँपालिका १० शैया अस्पताल निर्माण सम्पन्न अन्तिम चरणमा रहेको छ।

3. जुगल गाउँपालिका भवन संरक्षण, घेराबार तथा प्रवेशद्वार निर्माण सम्पन्न भएको छ।

4. वडा नं.६ मा अवस्थित मन्जुश्री पार्क निर्माण सम्पन्न भएको छ।

5. जुगल-२ सिन्दुर्चेमा जुगल भ्यु पोइन्ट र जुगल-१मा जुगल मिनि रङ्गशाला निर्माण सम्पन्न अन्तिम चरणमा रहेको छ।

6. जुगल-५,चनोटे वाङगुजे सिस्नेरि सडक निर्माणको कार्य अन्तिम चरणमा रहेको छ।

7. जुगल -३ मा अवस्थित गुरु रेम्पोर्जे मुर्ति निर्माण सम्पन्न भएको छ। ।

8. सेतीदेवि मावि, रामेश्वर मावि र भिमसेन मावि भवन निर्माण कार्य अन्तिम चरणमा रहेको छ।

9. गाउँपालिका भित्र अवस्थित विभिन्न ८ वटा स्वास्थ्य संस्थाहरुको भवन निर्माण तथा मर्मत कार्य सम्पन्न भएको छ।

10. विभिन्न वडाहरुमा ११ वटा गुम्बा/छ्योर्तेन, १२ वटा मन्दिर, ३ वटा दाहसंस्कार स्थल,४ वटा विश्रामस्थल तथा २ वटा प्रतिक्षालय निर्माण भएको छ।

11. २ वटा खेल मैदान, ३ वटा पार्क, ३ वटा भ्यू प्वाइन्ट र ५ वटा सामुदायिक भवन निर्माण सम्पन्न भएको छ।

12. १ वटा झोलुङ्गे पुल निर्माण सम्पन्न अन्तिम चरणमा रहेको छ।

13. नेपेमछ्याल बेसक्याम्प पैदलमार्ग निमार्णाधिन अवस्थामा रहेको छ।

14. गाउँपालिका विभिन्न स्थानमा गरी ४ कि.मी. सिढिं तथा गारेटो बाटो निर्माण भएको छ।

15. ६ वटा विद्यालय घेरावार तथा रङरोगन तथा २ वटा शौचालय निर्माण भएको छ।

16. सिँचाई ट्याङ्की ९ र खानेपानी ट्याङ्की ३१ वटा निर्माण सम्पन्न भएको छ।

17. खानेपानी पाइप लाइन ८ कि.मी. र सिँचाई पाइप लाइन ६ कि.मी. विस्तार भएको छ।

18. खानेपानी तथा एक घर एक धारा निर्माण कार्य निरन्तर रुपमा चलिरहेको छ ।

19. [illegible] बस सन्चालनमा रहेको सडकहरुको मर्मत सम्भार एबम् स्तरोन्नती नियमित रुपमा निर्माणा कार्य भइरहेको छ।

20. गाउँपालिकाको विभिन्न स्थानमा गरी सडक ढलान ८०० मिटर, सडक सोलिङ ६ कि.मी. प्लाम ढलान ८०० घन मिटर, मेसिनरी वाल २८०० घन मिटर निर्माण भएको छ।

21. [illegible] रुपमा बिकासको अधारभुत सेवा सुविधाहरुको निर्माण कार्य भएको छ।

22. [illegible] पार्क, गाङ ब्ले बुद्धा पार्क, यर्सा गङ गुरु रेम्पोचे मुर्ती र दोमङ पोखरी निर्माण कार्य सम्पन्न भएको छ।

23. ६ वटा घर अभिलेखीकरण भएको छ।

24. [illegible] को आ.ब.मा ६ वटा निर्माण व्यवसायीहरुले घ-वर्ग इजाजत पत्र प्राप्त गरेका छन।

25. [illegible] विपद् पुनः निर्माण अन्तिम चरणमा रहेको छ।

26. [illegible] गुणस्तर परीक्षणको लागि ल्याब सामग्री प्रयोग गरि गुणस्तरमा जोड दिइएको छ।

## ५.वन, वातावरण तथा विपद् व्यवस्थापनतर्फ:

| क्र स | [illegible] लाभग्राही | लाभग्राही पहिचान | | जग्गा खरिद | प्रथम किस्ता | दोस्रो किस्ता | अहिलेको अवस्था |
|---|---|---|---|---|---|---|---|
| | | पुनस्थापना | पुननिर्माण | | | | |
| १ | ३३९ | ३०१ | ३८ | २९० | २२१ | १३२ | ३२ |

1. [illegible] वर्षातका कारण बाढी पहिरोबाट घर/गोठ क्षति असुरक्षित भएको भनि प्रहरी मुचुल्का र वडा कार्यालयको निवेदन उपलब्ध भई हाल सम्म १४८ वटा त्रिपाल वितरण गरिएको छ ।

2. जुगल गाउँपालिकाको सम्पूर्ण जग्गाहरुको भु-उपयोग क्षेत्र वर्गीकरण गरिएको छ।

3. [illegible] आवास लाभग्राही ३६ जनालाई कायम गरिएको जसमा १२ घर महिला आत्म निर्भरता केन्द्र संस्था मार्फत निर्माण सम्पन्न भइसकेको र बाँकी संघ मार्फत प्रति घर रु ५०,००० दुई किस्तामा निकासा भई ४ घर लाभग्राहीको घर सम्पन्न भयको र बाँकि घरहरु निर्माण सम्पन्न हुदै गरेको अवस्था रहेको छ।

4. [illegible] ढुङ्गा, गिटी र बालुवाको (IEE) तयार गरिएको छ।

5. जुगल गाउँपालिकाको विपद जोखिम क्षेत्रको पहिचान गरी आवश्यक पूर्व तयारी र योजना निर्माण गर्न GIS नक्सा तयार गरिएको छ।

6.विपद् बाट घटेका विभिन्न विपत्तीहरुको न्यूनीकरण तथा रोकथामका लागि विपद व्यवस्थापन कोष

शिर्षकबाट खर्च व्यहोरिने गरी पूर्वतयारी प्रतिकार्य तथा आर्थिक सहयोग गरि जम्मा रकम ।

<u>तपसिल:</u>

| क्र स | योजना | वडा नं. | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | ढाँडे विप्लुङ याङलाकोट सडक सरसफाई | ५ र ७ | ५६,५००/- | |
| २ | कुम्भेश्वर वडा कार्यालय गोल्चे मोटरबाटो सरसफाई | २ | ३१५००/- | |
| ३ | बराम्ची स्वास्थ्य चौकी Masonry Wall निर्माण | ५ | १०,००००० /- | |
| ४ | थाम्राङ खोला झोलुङ्गे पूल मर्मत | ४ | ७०००००/- | |
| ५ | विनियोजित बजेट फाल्टे वस्ती संरक्षण | १ | १५०००००/- | प्रदेश आ.मा.बाट रकम निकासा भएको |
| ६ | हाप्रा स्याउजे सडक स्तरोउन्नती | ६ | ९०००००/- | |
| ७ | राम्चे जाने सडक छेउमा पहिरो/लेदो सरसफाई | ५ | | |
| ८ | राम्चे बराम्ची हुदै डबली सडक सरसफाई | ५ | | |

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

रेशम स्याङबो
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| ९ | सुखान्न देखि ढाँडे सम्मको सरसफाई | ४ | | |
| १० | काँडे देखि गोण्डेगाउँ सम्मको सडक सरसफाई | ४ र ५ | | |
| ११ | ढाँडे देखि शेर्माथाङ सम्मको सडक सरसफाई | ५ र ७ | | |
| १२ | दोभान वैकल्पिक सडक पुनः सुचारु सरसफाई | | | बलेफी गापा वडा नं १ |
| १३ | लहुडाँडा लाकुरी विसौना स्थानमा सडक खुलेको | ५ | | |
| १४ | लहु खोला सानो कार्तिके हुदै मान्जे खोला सरसफाई | ४ | | |
| १५ | ढाँडे राम्चे बराम्ची सडक सरसफाई | ५ | | |
| १६ | तेम्बथाङ र साइलुङ जोड्ने काठको फड्के निर्माण | २ र ३ | रु ३०४८०।+ | |
| १७ | चामकुना नेसम खोला काठको फड्के निर्माण | ३ | रु ३८८६५।+ | |
| १८ | सन्चगाउँ पहिरो नियन्त्रणको लागि तार जाली खरिद | २ | | |
| १९ | सुर्के देखि खानीडाँडा सम्मको बाटो सरसफाइ | ४ | | |
| २० | आगलागी पिडितको लागि आर्थिक सहयोग | ४ | रु २००००।+ | श्री बुद्दिमान श्रेष्ठ |
| २१ | सुन्तला/कागतीको बिरुवा क्षति भएकोले आर्थिक सहयोग | ४ | रु१५०००।+ | श्री प्रेम तामाङ |
| २२ | सुन्तला/कागतीको बिरुवा क्षति भएकोले आर्थिक सहयोग | ४ | रु१५०००।+ | श्री रुद्र प्रसाद अधिकारी |
| २३ | सुन्तला/कागतीको बिरुवा क्षति भएकोले आर्थिक सहयोग | ४ | २५०००।+ | श्री साहिला तामाङ |

६.न्यायिक तर्फः

1. मेलमिलापसम्बन्धी जिल्ला स्तरीय समीक्षा कार्यक्रम सम्पन्न भएको छ।
2. १३ वटा विवाद दर्ता भएकोमा ९ वटा मेलमिलाप भएको छ।
3. निःशुल्क कानूनी सहायता प्रदान गरिदै आएको छ।
4. सामाजिक विकृति विरुद्ध कानूनी सचेतना र सडक नाटक कार्यक्रम विभिन्न विद्यालयहरुमा सम्पन्न गरिएको छ।
5. कानूनी समस्याबारे नागरिकहरुसँग अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ।

७.संघ संस्था साझेदारीः

१. जुगल गाउँपालिकाको समन्वय तथा शान्ति फाउण्डेशनको आयोजनामा गाउँपालिकाभित्र जोखिममा रहेका सामुदायलाई उत्थानशिल जिविकोपार्जन निर्माण सम्बन्धी पञ्चवर्षिय परियोजना कार्यक्रमको शुभारम्भ भई सबै वडामा व्यवहार परिवर्तनको कार्यक्रम भएको छ।

२. जुगल गाउँपालिका र महिला आत्मनिर्भरता केन्द्रको साझेदारीमा जुगल २ मा ताकु सामुदायिक स्वास्थ्य इकाई भवन (३ कोठे भवन) निर्माण कार्य सम्पन्न भई सेवा सूचारु गरीएको छ ।

३. Read Nepal ले जुगल गाउँपालिकाको वडा नं. ३, ५ र ७ को विद्यालयहरुमा शैक्षिक सामाग्री निर्माण तालिम सञ्चालन गरिएको छ।

४. दयाका हातहरु नेपाल नामक संस्थाले विभिन्न विद्यालयहरुमा शैक्षिक सामाग्री वितरण गरिएको छ।

५. Living Water ले जुगल गाउँपालिकाको वडा नं. १, २, ४, ५ र ६ मा १ घर १ धारा निर्माण गरेको खानेपानी सहज रुपमा उपलब्ध गराइएको छ।

६. अपाङ्ग बाल अस्पताल, धुलिखेलको समन्वयमा अपाङ्गता भएका बालबालिकाहरूलाई आवश्यक सहायता सामग्री वितरण गरिएको छ।

८. विविधः

· ,अन्य सामाजिक सहायता अन्तर्गत नेपाल पर्वतारोहण संघ, बृहत गन्धर्व साँस्कृतिक अभियान, भलिबल प्रतियोगिता, शिक्षक भलिबल प्रतियोगिता, तेक्वान्दो प्रतियोगिता लगायत अन्य विषयमा आर्थिक सहयोग गरिएको छ।

## सहकारी शाखा प्रगति समीक्षा

### आर्थिक वर्ष २०८२/०८३

- सहकारी संस्थाहरूको संस्थागत सुदृढीकरण र कोपोमिन्स तालिम सम्पन्न ।
- सदस्यहरूको आर्थिक अवस्था सुधार।
- उत्पादनमुखी तथा उद्यमशील गतिविधिको प्रवर्द्धन।
- वित्तीय पहुँच विस्तार तथा वित्तीय साक्षरता अभिवृद्धि।
- गाउँपालिका क्षेत्रमा सञ्चालनमा रहेका सहकारी संस्थाहरूको नियमित अनुगमन तथा नियमन सम्पन्न।
- सहकारी संस्थाहरूबाट वार्षिक विवरण तथा लेखापरीक्षण प्रतिवेदन संकलन।
- सहकारी व्यवस्थापन तथा वित्तीय साक्षरतासम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन।
- कृषि, पशुपालन तथा साना उद्यममा सहकारीमार्फत लगानी विस्तार।
- बचत तथा ऋण कारोबारमा सदस्य सहभागिता वृद्धि।
- सहकारी र स्थानीय सरकारबीच समन्वयात्मक कार्य प्रणाली विकास।

### आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम

गाउँपालिकाले लिएको समग्र विकास नीतिहरु

१. प्रत्येक टोल तथा बस्तीका साझा आवश्यकता र विकासका न्यूनतम सुविधाहरू एकीकृत रूपमा पूरा गरिनेछ।
२. गाउँपालिकाभित्रका स्थानीय स्रोत, साधन र सीपको अधिकतम एवं दिगो उपयोग सुनिश्चित गरिनेछ।
३. गरिबी निवारण र स्थानीय स्तरमै रोजगारीका अवसरहरू सिर्जना गरी जुगलवासीको जीवनस्तरमा प्रत्यक्ष परिवर्तनको आभास दिलाइनेछ।
४. आर्थिक तथा सामाजिक सूचकांकहरूमा सुधार गर्दै नागरिकको जीविकोपार्जन र आयआर्जनका पाटाहरूलाई सुदृढ बनाइनेछ।
५. गुणस्तरीय शिक्षा, सर्वसुलभ स्वास्थ्य र पूर्ण सरसफाइको माध्यमबाट उच्च मानव विकास सूचकांक हासिल गरिनेछ।
६. कृषि, पशु सेवा, दिगो पर्यटन, जलस्रोत, वन तथा वातावरण संरक्षणलाई पालिकाको समृद्धिको मुख्य आधार बनाइनेछ।
७. सार्वजनिक सेवा प्रवाहलाई पूर्ण रूपमा स्वच्छ, पारदर्शी, ढिलासुस्तीमुक्त र नागरिकमैत्री बनाइनेछ।
८. गाउँपालिकाको प्रशासनिक क्षमता अभिवृद्धि, कानुनी शासन र संस्थागत सुशासनको ग्यारेन्टी गरिनेछ।
९. लैङ्गिक समानता, सामाजिक समावेशीकरण, सांस्कृतिक रुपान्तरण र धार्मिक सद्भाव कायम गर्दै विभेदरहित समाज निर्माण गरिनेछ।
१०. युवाहरूको नेतृत्व र उद्यमशीलता विकासका लागि युवालक्षित कार्यक्रमहरूलाई विशेष प्राथमिकतामा राखिनेछ।
११. राजस्वका नयाँ क्षेत्र र स्रोतहरूको पहिचान एवं परिचालन गरी पालिकाको आन्तरिक आम्दानीमा वृद्धि गरिनेछ।
१२. दिगो पूर्वाधार निर्माण, पर्यावरणीय सन्तुलन र विपद् व्यवस्थापनको पूर्वतयारीलाई सुदृढ गरिनेछ ।
१३. समाजमा जरो गाडेर बसेका सम्पूर्ण सामाजिक विकृति, विसङ्गति र कुप्रथाहरूलाई समूल नष्ट गर्ने प्रतिबद्धताका साथ कदम चालिनेछ।

रेशम स्याङबो
अध्यक्ष

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

## १. आर्थिक विकास तर्फः

### क) कृषि विकास तथा पशु सेवा :

1. खाद्यान्न, तरकारी तथा फलफुलको उन्नत जातका बिउ र कृषि आधुनिकीकरणका प्रयोगलाई प्रोत्साहन गरिनेछ ।
2. कृषि फर्म, कृषक समूहसँगको साझेदारीमा गरिने कृषि कार्यलाई थप प्रोत्साहन गरिनेछ।
3. आलु ,प्याज, खुर्सानी, अदुवा र कफिजस्ता नगदेबालीको पकेट क्षेत्र पहिचान गरी खेति गर्न थप प्रोत्साहन गरिनेछ।
4. किनी खाने होईन बेची खाने गाउँपालिका बनाउन थालनी भएका पकेट क्षेत्र कार्यक्रमहरूलाई थप प्रोत्साहन तथा विस्तार गरिनेछ।
5. माटो परिक्षण तथ बाली उपचारलाई थप प्रभावकारी बनाइनेछ।
6. मौरी पालन तथा च्याउ खेती प्रर्वद्धनलाई निरन्तरता दिइनेछ।
7. कृषकसँगको २५ प्रतिशत लागत साझेदारीमा सञ्चालनमा आईरहेको व्यवसायिक कृषि तथा पशुपालन अनुदान कार्यक्रमलाई थप परिमार्जनसहित निरन्तरता दिईनेछ ।
8. स्थानीय विशिष्टताका आधारमा एक वडा एक कृषि उत्पादन कार्यक्रमलाई जोड दिइनेछ।
9. कृषि क्षेत्रमा प्राङ्गारिक मलको उत्पादन तथा प्रयोगलाई प्रोत्साहन गरिनेछ।
10. कृषि भूमिको संरक्षण र बाँझो जमिनको उपयोगलाई प्रवर्द्धन गर्न करार खेतीलाई जोड दिइनेछ।
11. कृषि तथा पशुपालन क्षेत्रको विकासमा कृषक समूह/ फर्म/सहकारी/ गैर सरकारी संस्था र पालिकाबीच बहुपक्षीय साझेदारीलाई जोड दिइनेछ।
12. गाउँपालिकाभित्रका विद्यालयहरूमा सरकारी दिवा खाजा कार्यक्रममा हप्ताको कम्तीमा एक पटक स्थानीय कोदो, फापर वा सिमीको परिकार अनिवार्य गरिनेछ।
13. रैथाने बाली (विशेष गरी कोदो र फापर) को संरक्षणका लागि किसानलाई प्रति रोपनी निश्चित नगद प्रोत्साहन वा उन्नत प्रविधि सहयोग उपलब्ध गराइनेछ।
14. हिउँदे बाली (गहुँ र तरकारी) का लागि साना सिँचाइ आयोजना र पानीका मुहान नभएका ठाउँमा प्लास्टिक पोखरी निर्माण गरिनेछ।
15. जुगल आलु मिसन रोगमुक्त र उन्नत जातको आलुको बीउ वितरण कार्यक्रमलाई प्राथमिकता दिइनेछ।
16. प्लास्टिक टनेल र बेमौसमी तरकारी अन्तर्गत बजारको मागलाई ध्यान्न प्लास्टिक टनेल प्रविधि प्रवर्द्धन गरी गोलभेंडा, काउली, बन्दा र अदुवा खेतीलाई व्यावसायिक रुप दिइनेछ।
17. कृषि आधुनिकीकरण तथा प्रविधि हस्तान्तरण गरिनेछ।

### पशु तर्फ

1. आधुनिक कृषि तथा पशुपालन सम्बन्धी आवश्यक पूर्वाधार निर्माणको कार्यलाई निरन्तरता दिइनेछ। कृषि तथा पशुपालन क्षेत्रमा भएको लगानीको अभिलेख राखिनेछ।
2. ढाँडेमा रहेको पशु सङ्कलन केन्द्रको हललाई व्यवस्थित गरी गाउँपालिकाभित्रका पशुवस्तुहरूको व्यवस्थित किनबेच र बजारीकरणका लागि पूर्ण रूपमा सञ्चालनमा ल्याइनेछ।
3. जुगलको माथिल्लो हिमाली क्षेत्रको भौगोलिक विशिष्टतालाई उपयोग गर्दै चौरी तथा याक पालनलाई व्यावसायिक रूपमा प्रवर्द्धन गरिनेछ।
4. विगत वर्षहरूमा जस्तै कृषि फर्म/कृषि सहकारी/कृषि समूहसँगको साझेदारीमा गरिने कृषि तथा पशुपालन कार्यलाई थप प्रोत्साहन स्वरूप उत्पादनको आधारमा प्रोत्साहन वितरण गरिनेछ ।
5. जुगलमा मासु पकेट कार्यक्रम सञ्चालन गर्नको लागि जुगलको माथिल्लो बेल्टको हावापानीमा हुर्केका भेडा, बाख्रा, राँगा, भैंसLको उचित व्यवस्थापन गरी जुगललाई किनी खाने होइन बेची खाने गाउँपालिका बनाउन जोड दिइनेछ।
6. लोपोउन्मुख याक, चौरी र डिमोको दुधबाट उत्पादन हुने चिज र छुर्पीलाई बजारीकरणमा विशेष जोड दिइनेछ।
7. पशु स्वास्थ्य सेवालाई कार्यालयमा मात्र सीमित नराखी कृषकहरूको आवश्यकताका आधारमा पशु प्राविधिकहरूलाई प्रत्यक्ष रूपमा किसानकै गोठ-गोठमै खटाउने व्यवस्था मिलाइनेछ।
8. पालिकाभित्र रहेका बाँझो जमिनहरूलाई व्यावसायिक रूपमा उपयोग गर्न उन्नत जातको घाँस खेती र घाँसको नर्सरी स्थापना कार्यलाई तीव्रता दिइनेछ।
9. हाडनाता प्रजननका कारण पशुहरूमा पुड्कोपना, रोगव्याधि, कम उत्पादक्त र उच्च मृत्युदरजस्ता समस्याहरुलाई मध्यनजर गर्दै आर्थिक वर्ष २०८३/८४ को लागि हामीले पशु प्रजननको लागि नस्ल सुधार कार्यक्रम ल्याइएको छ .
10. जुगल गाउँपालिकामा रहेको सम्पूर्ण कृषि तथा पशुपंक्षी समूह फर्महरूको तथ्याङ्क सत्यतथ्य निकाली आगामी वर्षको लागि कार्यक्रम कार्यान्वयन प्रतिवेदन तयार गरिनेछ ।

### ख) पर्यटनः

1. जुगल हिमाल शृङ्खलालाई विश्वव्यापी रूपमा ब्रान्डिङ गर्दै आगामी सन् २०२७ लाई "जुगल भ्रमण वर्ष २०२७" का रूपमा भव्य रूपमा मनाइनेछ।
2. आरोहण हुन बाँकी चुचुराहरू )Unclimbed Peaks) र नयाँ पदमार्गहरूको प्राविधिक अध्ययन गरी नयाँ रुटहरू निर्धारण गरिनेछ। जुगल क्षेत्रमा आउने पर्वतारोही तथा पर्यटकहरूको सहजताका लागि अनुमति, सुरक्षा र उद्धार कार्यमा वर्षैभरि निरन्तर सहजीकरण गर्न एकद्वार प्रणाली लागू गरिनेछ।
3. विश्वको सर्वोच्च शिखर सगरमाथा देखिने जुगल एभरेष्ट भ्यु-पोइन्टको व्यापक प्रचार-प्रसार गरिनेछ। उक्त स्थानसम्म पुग्ने पदमार्ग, भ्यु-टावर, रेस्ट-स्टप (विश्रामस्थल) र सूचनामूलक साइनबोर्ड जस्ता पूर्वाधारहरू प्राथमिकताका साथ निर्माण गरिनेछ।
4. जुगललाई Adventure Hub बनाउन प्राकृतिक भिरहरूमा रक क्लाइम्बिङ )Rock Climbing) र हिमाली क्षेत्रमा स्की )Skiing) को सम्भाव्यता अध्ययन गरी राष्ट्रिय स्तरका प्रतियोगिताहरू आयोजना गरिनेछ। साथै, चुनौतीपूर्ण माउन्टेन साइक्लिङ र अफरोड बाइकिङ रुटहरूको पहिचान, नक्साङ्कन र विकास गरिनेछ।
5. गाउँपालिकाभित्रका सम्भावित स्थानहरूको वैज्ञानिक अध्ययन गराई रैथाने जडीबुटी तथा प्राकृतिक उपचार केन्द्रको माध्यमबाट 'स्वास्थ्य पर्यटन' र स्थानीय रैथाने ज्ञान र हिमाली पर्यावरणको अध्ययनका लागि 'शैक्षिक पर्यटन' तथा परम्परागत जीवनशैलीको प्रवर्द्धन गर्दै 'सांस्कृतिक पर्यटन' को विशेष विकास गरिनेछ।
6. जुगल हिमाल क्षेत्रमा अन्तर्राष्ट्रिय मापदण्डको प्रशिक्षण केन्द्र स्थापनाका लागि विस्तृत परियोजना प्रतिवेदन )DPR) तयार गरी पूर्वाधार निर्माण अघि बढाइनेछ। यसबाट स्थानीय युवाहरूले रोजगारी र उच्च हिमाली सीप सिक्ने अवसर पाउनेछन्।
7. पर्वतारोहण, दिगो पर्यटन र जलवायु परिवर्तनका क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विज्ञ एवं आरोहीहरूको विशेष जमघाट तथा सम्मेलन जुगलमै आयोजना गरिनेछ।
8. गाउँपालिकाको तल्लो क्षेत्रलाई ग्रामीण तथा सांस्कृतिक पर्यटकीय गन्तव्यका रूपमा विकास गरिनेछ। तामाङ र शेर्पा समुदायको संस्कृति, भेषभूषा, गुम्बा, मठमन्दि-र, चर्च एवं ऐतिहासिक सम्पदाको संरक्षण गर्दै 'सांस्कृतिक होमस्टे' लाई स्थानीय बासिन्दाको आयआर्जनको मुख्य माध्यम बनाइनेछ।
9. तल्लो क्षेत्रको समृद्ध सांस्कृतिक पर्यावरण र उपल्लो क्षेत्रको साहसिक पर्वतारोहणलाई आपसमा जोडेर सिङ्गो जुगल गाउँपालिकालाई एक एकीकृत 'टुरिजम सर्किट' का रूपमा विकास गरिनेछ।
10. यस गाँउपालिकाका छिमेकी पालिकाहरूसँग रणनीतिक समन्वय गरी "हेलम्बु"भोटेकोशी सर्किट-जुगल-पाँचपोखरी-जस्ता संयुक्त पर्यटन सञ्जालको निर्माण गरी लामो दूरीका आन्तरिक तथा बाह्य पदयात्रीहरूलाई आकर्षित गरिनेछ।
11. ग्रामीण बस्तीहरूको आधुनिकीकरण गर्दा प्राचीन वास्तुकला, प्राकृतिक वातावरण र रैथाने सांस्कृतिक पहिचान लोप हुन नदिने गरी "विकास र मौलिकता सँगसँगै" को नीति अवलम्बन गरिनेछ।
12. पर्यटकहरू ठगिने सम्भावनालाई रोक्न र सेवालाई विश्वसनीय बनाउन गाउँपालिकाभित्रका होटल, होमस्टे तथा रेस्टुरेन्टहरूमा उपलब्ध हुने खानपिन, बसोबास र यातायात लगायतका सेवाहरूको दररेट लाई (मूल्य) समयअनुकुल, समान र पारदर्शी बनाइनेछ।
13. पर्यटकीय गतिविधिको नियमन, सुरक्षा र अनुमति पत्र सहजीकरणका लागि पालिकाको प्रशासनिक केन्द्रमा सम्पूर्ण सुविधासहितको "व्यवस्थित पर्यटन कार्यालय" स्थापना गरिनेछ। साथै, काठमाडौंमा पर्यटन एजेन्सीहरू र बाह्य पर्यटकहरूसँग प्रत्यक्ष समन्वय गर्न एक "पर्यटन सम्पर्क डेस्क" को व्यवस्था मिलाइनेछ।
14. जुगलका पर्यटकीय स्थलहरू, पदमार्ग, संस्कृति र रैथाने उत्पादनहरूको डिजिटल ब्रान्डिङका लागि एक आधिकारिक 'पर्यटन वेबसाइट' निर्माण गरिनेछ, जसका माध्यमबाट अनलाइन बुकिङ र भरपर्दो सूचना प्रवाहलाई व्यवस्थित गरिनेछ।
15. पर्यटन क्षेत्रमा स्थानीय रोजगारी प्रवर्द्धन गर्न युवा तथा महिलाहरूलाई लक्षित गरी माउन्टेन गाइड, ट्रेकिङ कुक, हस्पिटालिटी, होटल व्यवस्थापन र प्राथमिक उपचार एवं उद्धार सम्बन्धी उच्चस्तरीय व्यावसायिक तालिम प्रदान गरिनेछ।
16. नेपाल पर्यटन बोर्ड )NTB), ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल )TAAN), नेपाल पर्वतारोहण सङ्घ )NMA) लगायतका सरोकारवाला संस्थाहरूसँगको साझेदारीमा बहुभाषी वृत्तचित्र )Documentary) निर्माण, डिजिटल ब्रान्डिङ र सामाजिक सञ्जाल क्याम्पेन सञ्चालन गरिनेछ।
17. जुगल हिमालको गौरवलाई विश्वभर फैलाउन अन्तर्राष्ट्रिय क्षेत्रमा ख्यातिप्राप्त पर्वतारोही वा विशिष्ट सेलिब्रेटीलाई 'जुगल सद्भावना दूत' नियुक्त गरिनेछ।
18. हिमाली र ग्रामीण पर्यावरणको संवेदनशीलतालाई जोगाउन सबै पदमार्ग, बेसक्याम्प र प्रमुख पर्यटकीय गन्तव्यहरूमा नीति कडाइका साथ लागू गरिनेछ। पर्वतारोही र पदयात्रीहरूले लैजाने र फिर्ता "शून्य फोहोर" ल्याउने सामानको अनिवार्य अभिलेख राखिनेछ।
19. गाउँपालिकाको सरसफाइ अभियानलाई अझ सशक्त बनाउँदै स्थानीय टोल विकास संस्था, विद्यालय, क्लब र आमा समूहहरूको सक्रिय सहभागितामा नियमित सरसफाइ, व्यापक वृक्षारोपण र प्लास्टिक नियन्त्रणका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

### ग) सहकारी

1. गाउँपालिकाभित्र रहेका सम्पूर्ण सहकारी संस्थाको अद्यावधिक विवरण डिजिटल प्रणालीमा अभिलेखीकरण गरिनेछ।
2. निष्क्रिय सहकारीहरूको अनुगमन गरी आवश्यक कानुनी प्रक्रिया अगाडि बढाइनेछ।
3. सहकारी संस्थाको वार्षिक लेखापरीक्षण अनिवार्य गरिनेछ।
4. सहकारी संस्थाहरूलाई COPOMIS प्रणालीमा आबद्ध गर्न प्रोत्साहन गरिनेछ।
5. कृषि, पशुपालन, तरकारी, फलफूल, जडीबुटी तथा पर्यटन क्षेत्रमा लगानी गर्ने सहकारीलाई प्राथमिकता दिइनेछ।
6. कुल कर्जा लगानीको न्यूनतम ५१ प्रतिशत उत्पादन तथा आयमूलक क्षेत्रमा लगानी गर्न प्रोत्साहित गरिनेछ।
7. युवा तथा महिलामुखी उद्यममा सहुलियतपूर्ण सहकार्य कार्यक्रम सञ्चालन गरिनेछ।
8. बचतकर्ताको हित संरक्षणलाई प्राथमिकतामा राखिनेछ।
9. सहकारीमा वित्तीय जोखिम न्यूनीकरण तथा आन्तरिक नियन्त्रण प्रणाली लागू गर्न प्रोत्साहन गरिनेछ।
10. नियमित अनुगमन, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाइको व्यवस्था गरिनेछ।
11. सहकारी व्यवस्थापक, सञ्चालक समिति तथा लेखा समितिका पदाधिकारीलाई तालिम प्रदान गरिनेछ।
12. वित्तीय साक्षरता कार्यक्रम वडा स्तरसम्म सञ्चालन गरिनेछ।
13. सहकारी शिक्षालाई विद्यालय तथा समुदायस्तरसम्म विस्तार गरिनेछ।
14. महिला, दलित, जनजाति तथा विपन्न समुदाय लक्षित सहकारी कार्यक्रम सञ्चालन गरिनेछ।
15. महिला नेतृत्व विकास कार्यक्रममार्फत सहकारीमा महिला सहभागिता वृद्धि गरिनेछ।

### घ) श्रम तथा रोजगार :

1. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत प्राप्त बजेटसँग साझेदारीका लागि गत आ.ब हरु मा झै आ ब २०८३०/४ मा पनि बजेट साझेदारीलाई निरन्तरता दिइनेछ ।

**रेशम स्याङबो**
**अध्यक्ष**

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

2. वैदेशिक रोजगारीमा जानेहरूका लागि सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
3. "सुरक्षित स्थानीय रोजगार, जीविकोपार्जनको आधार "भन्ने मूल नारालाई लिएर बेरोजगार सुचिमा दर्ता हुनु भयको व्यक्तीहरुलाई लक्षित गरी विशेष किसिमका सीपमूलक तथा आयआर्जनका कार्यक्रमहरू सञ्चालन गरिनेछ । साथै सीपमूलक तालिम लिएर स्वदेशमै आयआर्जन गर्न चाहने वा स्वरोजगार बन्न चाहने युवाहरूलाई प्रोत्साहन गर्न युवा लक्षित कार्यक्रम सञ्चालन गरिनेछ।
4. आन्तरिक रोजगारी सिर्जनाका लागि वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूको ज्ञान र सीपलाई उद्यमशीलतासँग आबद्ध गरिनेछ ।
5. वैदेशिक रोजगारीलाई सुरक्षित र प्रभावकारी बनाउन श्रम स्वीकृति र पुनः श्रम स्वीकृतिको सेवा प्रयोगमा आवश्यक सहजीकरण गरिनेछ ।
6. "आफ्नै पौरख, आफ्नै गौरव "भन्ने नाराका साथ एक वडा एक नमुना रोजगार कार्यक्रम सञ्चालन गरिनेछ ।
7. कृषि, सिंचाइ, खानेपानी, सडक, पर्यटन, वन तथा वातावरण संरक्षणसँग सम्बन्धित श्रममुखी आयोजनालाई प्राथमिकता दिइनेछ।
8. सीप विकास तालिम, उद्यमशीलता विकास तथा स्वरोजगार प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।
9. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई कृषि तथा पर्यटन विकाससँग एकीकृत रूपमा सञ्चालन गरिनेछ।
10. पारदर्शिता, जनसहभागिता तथा सामाजिक उत्तरदायित्व कायम गर्दै कार्यक्रम सञ्चालन गरिनेछ।

ङ) लघु उद्यम विकास :

1. नेपाल सरकारको गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (:mq@ को मोडेल र निर्देशिका बमोजिम स्थानीय स्तरमा स्वरोजगार सिर्जना गर्ने कार्यक्रमहरूलाई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।
2. उद्यमीहरुको आवश्यकता पहिचान गरि उत्पादित वस्तु वा सामग्रीहरुको बजारीकरणका लागि व्यापारी र उद्यमीहरु बीच अन्तरक्रिया कार्यक्रम आयोजना गरिनेछ।
3. लघु उद्यमीहरुको क्षमता विकासका लागि आधुनिक प्रविधी खरीद तथा हस्तान्तरण गरिनेछ।
4. लघु उद्यम विकास कार्यक्रसंग नतीजामूलक कार्य गर्न चाहने अनुभवी संघ सस्थाहरुसंग साझेदारीमा कार्यक्रमहरु सञ्चालन गरिनेछ।
5. व्यवसाय विस्तारको लागि उद्यमीहरुलाई सफल व्यवसायीक क्षेत्रहरुको अवलोकन भ्रमण गराईनेछ।
6. जुगलका उद्यमीहरुले उत्पादन गरेका सामाग्रीहरुको प्रर्दशनी र बिक्री पालिकास्तरमा कोशेली घर निर्माण गरिनेछ।

२. सुशासन तथा संस्थागत विकास तर्फः

क) सार्वजनिक सेवा प्रवाहः

1. गाउँपालिका, वडा कार्यालय, स्वास्थ्य संस्था तथा विद्यालयबाट प्रवाह हुने सेवालाई अनलाइन प्रणालीमा आवद्ध गर्दै छिटो, सहज, पारदर्शी, प्रविधिमैत्री र नागरिकमैत्री बनाइनेछ।
2. "कम समय, कम लागत र सरल प्रक्रिया, बढी नतिजा "भन्ने अवधारणालाई सेवा प्रवाह तथा विकास व्यवस्थापनको मूल आधारका रूपमा अवलम्बन गरिनेछ।
3. सेवाग्राहीका गुनासो, सुझाव तथा उजुरीहरुलाई तत्काल सम्बोधन गर्न प्रभावकारी गुनासो व्यवस्थापन प्रणाली सुदृढ गरिनेछ।
4. नागरिकहरूलाई सेवा प्राप्तिका लागि आवश्यक प्रक्रिया, कागजात तथा सेवासम्बन्धी जानकारी सहज रूपमा उपलब्ध गराइनेछ।
5. जनप्रतिनिधि, कर्मचारी, शिक्षक तथा स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृद्धिका लागि तालिम, अभिमुखीकरण तथा अनुभव आदानप्रदान कार्यक्रम सञ्चालन गरिनेछ।
6. सुशासन, विकास र प्रभावकारी सेवा प्रवाहका लागि संघ, प्रदेश, निजी क्षेत्र, सहकारी तथा गैरसरकारी संस्थाहरूसँग समन्वय, सहकार्य र साझेदारीलाई विस्तार गरिनेछ।
7. सार्वजनिक सेवा प्रवाहलाई थप प्रभावकारी, पारदर्शी र उत्तरदायी बनाउन सेवा प्रवाह मापद )SOP) तथा नागरिक बडापत्रलाई डिजिटल तथा भौतिक माध्यमबाट नागरिकसम्म पुर्याइनेछ।
8. गाउँपालिकाभित्र सञ्चालन गरिने साना, मझौला तथा ठूला आयोजनाहरूको विवरणसहित "जुगल आयोजना बैंक) Project Bank)" लाई व्यवस्थित र अद्यावधिक गरिनेछ।
9. उपभोक्ता हित संरक्षणका लागि बजार अनुगमन, उपभोक्ता सचेतना तथा गुणस्तरीय सेवा प्रवाहलाई प्रभावकारी बनाइनेछ।
10. गाउँपालिकाबाट सञ्चालन हुने योजना तथा कार्यक्रमहरूको नियमित अनुगमन, मूल्यांकन तथा सार्वजनिक परीक्षण प्रणालीलाई नतिजामूलक बनाइनेछ।
11. गाउँपालिकाको सेवा प्रवाहलाई डिजिटल प्रणालीमा आबद्ध गर्दै ई-गभर्नेन्स, अनलाइन सेवा तथा विद्युतीय अभिलेख व्यवस्थापनलाई विस्तार गरिनेछ।
12. सार्वजनिक खर्चलाई मितव्ययी, पारदर्शी तथा उपलब्धिमूलक बनाउन वित्तीय अनुशासन र आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ गरिनेछ।
13. स्थानीय स्रोत, सीप र सम्भावनाको अधिकतम उपयोग गर्दै दिगो विकास, रोजगारी सिर्जना तथा आत्मनिर्भर स्थानीय अर्थतन्त्र निर्माणमा जोड दिइनेछ।
14. नागरिक सहभागिता, सामाजिक उत्तरदायित्व तथा समावेशी विकासलाई प्रायमिकतामा राखी सबै वर्ग, क्षेत्र र समुदायको पहुँच सुनिश्चित गरिनेछ।

ख) राजश्व परिचालन :

1. जुगलवासीहरुमा कर तिर्दा सरकारलाई गाली होइन गर्व महसुस हुने मानसिकताको विकास गरिनेछ ।
2. गाँउपालिका क्षेत्रभित्र निर्माणाधीन तथा सञ्चालित हाइड्रोपावरहरुले स्थानीय स्रोत र साधनको प्रयोग गरेबापत करको दायरामा ल्याइ असूल उपर गरिनेछ ।
3. व्यवसाय दर्ता भएका व्यवसायीहरुलाई अनिवार्य नविकरण गराउने प्रवन्ध मिलाइनेछ ।
4. नागरिकलाई कर तिर्न गाँउपालिका वा वडा कार्यालयसँग धाउनु पर्ने झन्झट अन्तय गर्न कर संकलनको लागि घुम्ति शिविर सञ्चालन गरी गाँउ घरमै सहज रुपमा कर बुझाउने व्यवस्था मिलाइनेछ ।
5. गाउँपालिकाको आन्तरिक आयको प्रमुख स्रोतको रुपमा रहेको स्लेट/पेभ स्टेन/फुटे ढुङ्गा तथा नदीजन्य पदार्थको उत्खनन संकलन र निकासीलाई वातावरणीय सन्तुलन कायम हुने गरी व्यवस्थित बनाइनेछ ।

ग) सूचना प्रविधि तथा सञ्चार तर्फः

1. सबै सामुदायिक बिद्यालयमा ई- हाजिरी प्रणाली अनिवार्य रुपमा लागू गरिनेछ।
2. गाउँपालिकाबाट हुने सम्पूर्ण क्रियाकलापहरुलाई सूचना प्रविधिमैत्री बनाई सबैका लागि सहज एवं सर्वसुलभ सेवाको सुनिश्चतता गरिनेछ।
3. गाँउपालिकाका सबै शाखाका महत्वपूर्ण कागजात निर्णय र पुराना स्रेस्ताहरुलाई सुरक्षित राख्न डिजिटल अभिलेखिकरण गरिनेछ ।
4. विद्यालय तथा समुदायमा डिजिटल साक्षरता कार्यक्रम संचालन गरी सूचना प्रविधि पहुँच विस्तार गरिनेछ ।
5. नागरिकका पिर मर्का र गुनासोलाई तत्काल सम्बोधन गर्न अनलाइन गुनासो प्रणालीलाई थप व्यवस्थित गरिनेछ ।
6. सार्वजनिक सुनुवाई तथा सूचना सम्प्रेषण मार्फत गाउँपालिकाको काम कारवाही प्रति जनविश्वास बढाइनेछ।
7. गाँउपालिकाका सम्पूर्ण क्रियाकलापलाई पूर्ण रुपमा सूचना प्रविधिमैत्री बनाउँदै Digital Jugal निर्माणको कार्यलाई थप सुदृढ बनाइनेछ ।
8. गाउँपालिकाको सञ्चार तथा अभिलेखलाई प्रविधिमैत्री बनाइनेछ।

घ) संघ संस्था समन्वय तथा साझेदारी :

१. सरकारी तथा गैरसरकारी संघ संस्थाहरुसँगको समन्वय र सहाकार्यलाई निरन्तरता दिइनेछ।
२. गाउँपालिकाभित्र क्रियाशील संघ संस्थाहरुलाई स्थानीय आवश्यकता, प्राथमिकता तथा आवधिक योजनासँग आबद्ध गरी परिचालन गरिनेछ।
३. गैरसरकारी संस्था तथा विकास साझेदार संस्थाहरूको कार्यक्रमलाई दोहोरोपन हटाई प्रभावकारी र परिणाममुखी बनाइनेछ।
४. संघ-संस्थाको कार्यसम्पादनलाई पारदर्शी, उत्तरदायी तथा कानूनी दायराभित्र सञ्चालन गर्न आवश्यक समन्वय र अनुगमन गरिनेछ।
५. स्थानीय स्रोत, सीप, प्रविधि तथा सामुदायिक सहभागितामा आधारित विकास साझेदारीलाई प्राथमिकता दिइनेछ।
६. संघ-संस्थाको वार्षिक कार्ययोजना तथा प्रगति प्रतिवेदन अनिवार्य रूपमा पेश गर्ने व्यवस्था गरिनेछ।
७. गाउँपालिकास्तरीय संघ-संस्था समन्वय बैठक त्रैमासिक रूपमा सञ्चालन गरिनेछ।
८. शिक्षा, स्वास्थ्य, कृषि, महिला तथा बालबालिका, विपद् व्यवस्थापन, खानेपानी तथा वातावरण क्षेत्रमा साझेदारी कार्यक्रम सञ्चालन गरिनेछ।
९. संघ-संस्थालाई स्थानीय योजना तर्जुमा तथा कार्यान्वयन प्रक्रियामा सहभागी गराइनेछ।
१०. स्थानीय तहको योजना, अनुगमन तथा प्रतिवेदन प्रणाली सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।
११. सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ तथा सार्वजनिक परीक्षणलाई प्रोत्साहन गरिनेछ।
१२. लैङ्गिक समानता, सामाजिक समावेशीकरण तथा वातावरणीय संरक्षणलाई सबै कार्यक्रममा अनिवार्य रूपमा समावेश गरिनेछ।
१३. संघ संस्थाहरूको क्रियाकलापहरूलाई थप प्रभावकारी र जवाफदेही बनाउन वार्षिक प्रगती समिक्षा कार्यक्रम राखिनेछ ।

३. सामाजिक विकास तर्फः

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

**रेशम स्याङबो**
**अध्यक्ष**

क) शिक्षा, युवा तथा खेलकुद :

१. सबै सामुदायिक विद्यालबाट प्रदान हुने शिक्षालाई निशुल्क, अनिवार्य तथा गुणस्तरीय बनाइनेछ ।
२. जुगल गाउँपालिका भित्रका तेम्बाथान लिदी तिलुम्राङ र क्याङसिङमा कार्यरत शिक्षक तथा कर्मचारीहरुलाई मासिक रुपमा प्रोत्साहन भत्ता उपलब्ध गराई पेशाप्रति उत्साहित बनाउने कार्यलाई निरन्तरता दिइनेछ ।
३. स्थानीय पाठ्यपुस्तकको पठनपाठनलाई प्रभावकारी बनाइनेछ । विद्यार्थीहरुको व्यवहारिक ज्ञानका लागि स्थलगत अध्ययन अवलोकन भ्रमण गराउने कार्यलाई प्रोत्साहन गरिनेछ ।
४. विद्यालयहरूको आवश्यकताका आधारमा भवन, सुरक्षित छाना, डेस्क-बेन्च मर्मतसम्भार, शौचालय, फर्निचर, खानेपानी र घेराबारको व्यवस्था गरी सुरक्षित बसाइको व्यवस्था गरिनेछ। ।
५. अनाथ, टुहुरा तथा असहाय बालबालिकाहरुका लागि गाउँपालिकाभित्रै आवासीय सुविधा सहित पठनपाठनको व्यवस्था मिलाइनेछ ।
६. विद्यालय अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई नियमित र प्रभावकारी बनाइनेछ ।
७. विद्यालयमा अध्ययनरत अति विपन्न विद्यार्थीहरुका लागि विशेष व्यवस्था मिलाइनेछ ।
८. शिक्षक सरुवा प्रणालीलाई वैज्ञानिक, व्यवस्थित र पारदर्शी बनाइनेछ ।
९. विद्यार्थीहरूको बहुप्रतिभा पहिचान गर्न वडा तथा पालिका स्तरीय प्रतिस्पर्धात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ। सबै विद्यालयहरूमा हप्ताको एक दिन अनिवार्य रूपमा अतिरिक्त क्रियाकलाप सञ्चालन गर्न विद्यालयहरूलाई विशेष अनुदान उपलब्ध गराइनेछ।
१०. जुगल भलिबल कप, जुगल रनिङ शिल्ड, राष्ट्रपति रनिङ शिल्ड तथा अन्य खेलकुदलाई निरन्तरता दिइनेछ ।
११. तेम्बाथानमा चौरी गोठ बालबालिकाहरुको शैक्षिक पहुँच सुनिश्चित गर्न र रत्नराज्य माध्यमिक विद्यालयमा सञ्चालित आवासीय कार्यक्रमको व्यवस्थापनको लागि आवश्यक निरन्तरता दिइनेछ ।
१२. शिक्षकको क्षमता अभिवृद्धिका लागि सिकाइमूलक तथा नतिजामूलक अध्ययन भ्रमण गरिनेछ ।
१३. श्री नवज्योती आवि कात्तिकेमा शिक्षक व्यवस्थापन तथा विद्यालय संचालनको लागि आवश्यक रकमको व्यवस्था गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
१४. बालविकास सहजकर्ता तथा विद्यालय कर्मचारीलाई थप तलब भत्ता तथा पालिकास्तरबाट खटाइएका बालविकास सहजकर्तालाई निरन्तरता दिइनेछ ।
१५. अध्यक्ष शैक्षिक कोषबाट आर्थिक अवस्था कमजोर तथा जेहेन्दार विद्यार्थीहरुलाई उच्च शिक्षासम्मको पहुँच सुनिश्चित गर्नका लागि आवश्यक छात्रवृत्ति प्रदान गरिने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
१६. शिक्षक दरबन्दी कम भएका आधारभूत तह (६—८) का विद्यालयहरूमा 'शिक्षण स्वयंसेवक' कोटा वितरण गरिनेछ। साथै, कार्यालय व्यवस्थापन (Office Management) नभएका बालविकासदेखि कक्षा ८ सम्मका विद्यालयहरूमा आवश्यक प्रबन्ध मिलाइनेछ।
१७. शिक्षण सिकाइलाई प्रभावकारी बनाउन आधारभूत तह र माध्यमिक तहका शिक्षकहरुलाई विषयगत तालिमको व्यवस्था गरिनेछ ।
१८. मौजुदा शिक्षक दरबन्दी, विद्यार्थी संख्या र विद्यालय नक्सांकनको आधारमा संघीय शिक्षा ऐन नियमावली र अन्तिम दरबन्दी मिलान नगरुन्जेल सम्मको लागि विद्यार्थी संख्याको आधारमा बढी शिक्षक संख्या देखिएको विद्यालयबाट आवश्यकता भएको विद्यालयमा तत्काल कामकाज गर्ने गरी खटाउने व्यवस्था गरिनेछ र विद्यालयको कक्षा घटाइनेछ ।
१९. शैक्षिक गुणस्तर तथा सिकाइ उपलब्धि बृद्धिका लागि शैक्षिक क्यालेण्डर, शिक्षक डायरी तथा दीर्घकालीन सोचका साथ गाउँ शिक्षा योजना निर्माण गरिनेछ । पालिका स्तरमा कक्षा ५ र ८ को परीक्षालाई थप सुव्यवस्थित र नतिजामूलक बनाइनेछ।
२०. खेलकुद प्रवर्धन तथा विकासका लागि पालिकास्तरीय खेलकुद प्रशिक्षकलाई निरन्तरता दिइने र खेलकुद पूर्वाधार निर्माण एवं खेलकुद सामग्री वितरणमा जोड दिइनेछ ।
२१. शिक्षकहरुको स्वमूल्याङ्कन गर्ने प्रणालीको व्यवस्था मिलाई सोही आधारमा दण्ड र पुरस्कारको नीति लिइनेछ ।
२२. विद्यार्थीहरुको लागि लक्षित गरी आधारभूत, प्राविधिक तथा व्यवसायिक तालिमको व्यवस्था मिलाइनेछ ।
२३. अभिभावक शिक्षालाई प्रभावकारी तरिकाले गाउँ गाउँमा अभियानको रुपमा सञ्चालन गरिनेछ ।
२४. शिक्षकहरुमा संचार सीप विकास कार्यक्रम ल्याइनेछ ।
२५. शिक्षण सिकाइलाई आधुनिक बनाउन अडियो भिडियो माध्यमबाट पठन पाठनको प्रयोगमा जोड दिइनेछ ।
२६. विभिन्न गैर सहकारी संस्थाहरुसँग साझेदारीमा विविध शैक्षिक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

ख) स्वास्थ्य :

१. आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको पहुँच बढाउनका लागि थप सामुदायिक स्वास्थ्य इकाईहरू निर्माण गरी आवश्यक औषधि, उपकरण र कर्मचारी व्यवस्थापन गरीनेछ । जुगल स्थित गोल्चे स्वास्थ्य चौकीमा २-आधारभूत निदान सेवाका लागि प्रयोगशाला )Lab) सेवाको विधिवत् सुरुवात र सुदृढीकरण गरिनेछ।
२. स्वास्थ्य संस्थाहरूमा आवश्यक जनशक्ति, उपकरण र औषधिजन्य मालसामानहरू उपलब्ध गराई सेवा प्रवाहलाई थप गुणस्तरीय बनाइनेछ।
३. गाउँपालिका अन्तर्गतका सबै स्वास्थ्य संस्थाहरूलाई पोषणमैत्री स्वास्थ्य संस्था (Nutrition Friendly Health Facility -NFHF) घोषणा गर्नका लागि आवश्यक कार्यहरूको तयारी र थालनी गरिनेछ। कुपोषणको एकीकृत व्यवस्थापनका लागि गोल्चे स्वास्थ्य चौकीबाट बहिरङ्ग उपचार केन्द्र )OTC) सेवा विस्तार गरिनेछ।
४. गाउँपालिका अन्तर्गत हालसम्म प्रसूति सेवा उपलब्ध हुन नसकेका वडा नं ४ र ५ का २ वटा स्वास्थ्य चौकीहरूमा सुरक्षित मातृत्व तथा संस्थागत सुत्केरी सेवा सुनिश्चित गर्न आवश्यक बजेट विनियोजन गरी बर्थिङ सेन्टर स्थापना गर्ने कार्यलाई उच्च प्राथमिकताका साथ अगाडि बढाइनेछ। २४ सै घण्टा सेवा दिने स्वास्थ्यकर्मी र कर्मचारीहरूलाई प्रदान गरिने प्रोत्साहन रकमलाई निरन्तरता दिइनेछ ।
५. गर्भवती महिलाहरूले नियमित गर्भ जाँच गराए बापत पाउने १ क्रेट अण्डा तथा स्वास्थ्य संस्थामा सुत्केरी गराए बापत सुत्केरी महिलाहरूले पाउने १ माना घिउ कार्यक्रमलाई निरन्तरता दिइनेछ।
६. सुत्केरी पश्चात्को जाँच (PNC)लाई प्रभावकारी बनाउन सुत्केरी आमाको घरमा नै स्वास्थ्यकर्मी पुगी स्वास्थ्य सेवा उपलब्ध गराई अझ व्यवस्थित र प्रभावकारी बनाइनेछ ।
७. प्रजनन रुग्णता (Reproductive Morbidity) र आङ्खसे खस्ने समस्याको पहिचान तथा समयमै उपचारका लागि आवश्यक स्वास्थ्य स्क्रिनिङ शिविरहरु आयोजना गरिनेछ।
८. गाउँपालिका पूर्ण खोप घोषणा भइसकेको अवस्थालाई मध्यनजर गर्दै सो कार्यक्रमको दिगोपनाको लागि हरेक वर्ष पूर्ण खोप सुनिश्चितता घोषणा कार्यक्रमलाई निरन्तरता दिइनेछ। अग्रपङ्क्तिमा खटिने खोप टोली र कर्मचारीहरूलाई यातायात खर्च प्रोत्साहन उपलब्ध गराइनेछ।
९. ग्रामीण क्षेत्रका गर्भवती महिलाहरूको आकस्मिक जोखिम न्यूनीकरण गर्न गाउँपालिका भित्र सञ्चालित "निःशुल्क ग्रामीण अल्ट्रासाउन्ड (भिडियो एक्सरे)" कार्यक्रम र गर्भवती/सुत्केरी महिलाहरूका लागि निःशुल्क एम्बुलेन्स सेवालाई निरन्तरता दिइनेछ। एम्बुलेन्स नपुग्ने दुर्गम क्षेत्रबाट सुत्केरी हुन आउँदा लाग्ने वैकल्पिक यातायात खर्च बेहोर्न आवश्यक बजेट विनियोजन गरिनेछ।
१०. सबै खोप केन्द्रहरु तथा गाउँघर क्लिनिकहरूको भौतिक अवस्था सुधार गरी सेवा प्रवाहलाई थप व्यवस्थित र प्रभावकारी बनाइनेछ।
११. समुदाय स्तरमा नसर्ने रोगहरू (जस्तै उच्च रक्तचाप, मधुमेह, क्यान्सर) को रोकथाम र नियन्त्रणका लागि जनचेतनामूलक कार्यक्रम र प्रारम्भिक स्क्रिनिङ सेवा सञ्चालन गरिनेछ।
१२. गाउँपालिकामा हाल उपलब्ध आकस्मिक एम्बुलेन्स सेवालाई राष्ट्रिय मापदण्ड अनुसार वर्गीकरण )Classification) गरी आवश्यक उपकरण तथा जनशक्तिको व्यवस्थापन सहित सो सेवाहरूको २४ सै घण्टा प्रभावकारी सञ्चालन, नियमित मर्मत र व्यवस्थापन कार्यलाई निरन्तरता दिइनेछ।
१३. विपन्न, असहाय, अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकहरूलाई सहयोग स्वरूप औषधि उपचार खर्च दिने कार्यलाई निरन्तरता दिइनेछ।
१४. बाढी, पहिरो जस्ता प्राकृतिक विपद्को समयमा महाव्याधि तथा आकस्मिक स्वास्थ्य जोखिम व्यवस्थापनका लागि र्‍यापिड रेस्पोन्स टिम (RRT) लाई तयारी अवस्थामा राखिनेछ र औषधि बफर स्टक राखिनेछ।
१५. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूको कार्य व्यवस्थित र प्रभावकारी बनाउनका निम्ति प्रत्येक महिला स्वास्थ्य स्वयंसेविकालाई मासिक रु. ३,०००।— (रुपैयाँ तीन हजार मात्र) का दरले उपलब्ध गराईंदै आएको यातायात खर्चलाई निरन्तरता दिइनेछ।
१६. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरू (FCHV) र स्वास्थ्यकर्मीहरूको प्राविधिक तथा व्यावहारिक क्षमता अभिवृद्धि तालिमलाई आवश्यकता अनुसार निरन्तरता दिइनेछ।
१७. स्वास्थ्य संस्थाहरूमा रिक्त रहेका प्राविधिक तथा प्रशासनिक पदहरूमा स्वीकृत दरबन्दी अनुसारका जनशक्ति सेवा करार मार्फत तत्काल पदपूर्ति गरी सेवा सुचारु राखिनेछ। भौगोलिक रूपमा विकट र दुर्गम वडाहरूमा खटिने स्वास्थ्यकर्मीहरूलाई प्रदान गर्दै आएको भौगोलिक प्रोत्साहन भत्तालाई निरन्तरता दिइनेछ।
१८. स्वास्थ्यकर्मीहरूद्वारा विद्यालय शिक्षा कार्यक्रम अन्तर्गत किशोरकिशोरीहरूलाई यौन तथा प्रजनन स्वास्थ्य, मानसिक स्वास्थ्य र व्यक्तिगत सरसफाइ सम्बन्धी स्वास्थ्य शिक्षा प्रदान गरिने कार्यलाई निरन्तरता दिइनेछ।
१९. इन्टरनेट सेवा व्यवस्थित भएका स्वास्थ्य संस्थाहरूमा एकीकृत स्वास्थ्य सूचना प्रणाली (DHIS2) मार्फत तथ्याङ्क गुणस्तरलाई सुधार गर्ने प्रयोजनार्थ आवश्यक कार्यालय सामग्री तथा क्षमता अभिवृद्धि तालिम दिइनेछ।
२०. नियमित सेवा प्रवाह र दैनिक कार्यसम्पादनलाई प्रोत्साहित गर्न प्रत्येक स्वास्थ्य संस्थालाई कार्यालय सञ्चालन खर्च दिने कार्यलाई निरन्तरता दिइनेछ।
२१. स्वास्थ्य सेवा प्रवाहमा पारदर्शिता र नागरिक जबाफदेहिता प्रवर्द्धन गर्न प्रत्येक स्वास्थ्य संस्थामा सामाजिक परीक्षण (Social Audit) र सार्वजनिक सुनुवाइ कार्यक्रम सञ्चालन गरिनेछ। साथै, स्वास्थ्य संस्थाहरू बीच सिकाई आदानप्रदानका लागि कर्मचारी बैठक तथा वार्षिक प्रगति समीक्षा कार्यक्रमलाई निरन्तरता दिइनेछ।
२२. नागरिकहरूको घरदैलोमै विशेषज्ञ स्वास्थ्य परामर्श र रोगको प्रारम्भिक निदान सुनिश्चित गर्न विशिष्टीकृत जनस्वास्थ्य प्रवर्द्धन शिविर सञ्चालनलाई विशेष प्राथमिकता दिइनेछ।

ग) पोषण :

1. बालबालिकाहरुलाइ उमेर अनुसारको पुरक खाना खुवाउने अभ्यासको प्रवर्द्धन गरिनेछ । कुपोषणमा परेका बालबालिकाको पहिचान गरि उचित व्यवस्थापन गरिनेछ । बालबालिकाहरुमा सञ्चालन गरिने वृद्धि अनुगमन कार्यक्रमलाई निरन्तर गरिनेछ ।
2. सुनौलो हजार दिनका आमाहरुलाई पोषण सुधारकालागि हरेकबार खाना चारको बारेमा व्यवहार परिवर्तन गर्न पोषण नाङ्लो प्रदर्शन कार्यक्रम सञ्चालन गरिनेछ । सुनौलो हजार दिनका घरपरिवारको घररयसी स्तरमा खाद्यान्न फलफूल तरकारी तथा पशुपन्छी सहितको एकीकृत खाद्य उत्पादन प्रणाली करेशाबारी प्रवर्द्धन तथा थप आय आर्जन र उद्यमशीलता विकास गर्ने क्रियाकलाप विस्तार गरिनेछ ।
3. गुणस्तरीय सुरक्षित मातृत्व सेवा गर्भ हेरचार, संस्थागत सुत्केरी, सुत्केरीपछिको हेरचाह, नवजात शिशुको हेरचाह सम्बन्धी एकीकृत स्वास्थ्य कार्यक्रमहरु संचालन गरिनेछ । किशोरीहरुमा महिनावारी स्वच्छतासम्बन्धी कार्यक्रमहरु संचालन गरिनेछ ।
4. सुनौलो हजार दिनका घर परिवारमा घरायसी स्तरमा खाद्यान्न, फलफूल, तरकारी तथा पशुपन्छीसहितको एकीकृत खाद्य उत्पादन प्रणाली (करेशाबारी) प्राङ्गरिक खेती र रैथानीबाली प्रवर्द्धन गरिनेछ ।
5. सार्वजनिक संस्थाहरुमा पोषण प्रर्दशनका लागि पोषण डेष्कको स्थापना स्तनपान कक्ष सन्देशमुलक होडिङबोर्डको व्यवस्थापन गरिनेछ ।
6. पोषण मैत्री गाउँपालिका घोषणका लागि निर्देशिका अनुसार कार्यकम सञ्चालन गरिनेछ ।
7. पोषणमैत्री स्थानीय शासन प्रवर्द्धन गरिनेछ ।
8. सुनौलो हजार दिनका आमाहरूलाई सूक्ष्म पोषकतत्व सुनिश्चित गर्न र हरियो सागसब्जीको उपभोग बढाउन उन्नत जातका तरकारीका बीउबिजनहरू निःशुल्क वितरण गरिनेछ।
9. घरायसीस्तरमा सुरक्षित खानेपानी साथै खानेपानी शुद्धिकरण विधिको बारेमा व्यापक जनचेतना अभिवृद्धि गरिनेछ ।
10. विद्यालय दिवा खाजा कार्यक्रमलाइ प्रभावकारी बनाउनको लागि एक विद्यालय एक करेशाबारी स्थापना गरि सन्तुलित खाजा सम्बन्धी प्रयोगात्मक अभ्यास र सचेतना तथा स्थानीय तहमा उत्पादन तथा उपलब्ध हुने पोषिलो खानेकुराहरुको बारेमा सचेतना अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ।
11. पोषण सुधारका लागि समुदायमा बालविवाह छाउपडि मर्यादित महिनावारि तथा गर्भवती र सुत्केरी अवस्थामा पोषणका विषयमा बिद्यमान हानिकारक मान्यता र कुसंस्कार विरुद्ध पैरवी तथा अभियान संचालन गरिनेछ ।

रेशम स्याङ्बो
अध्यक्ष

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

12. नेपाल सरकारबाट प्रदान गरिने सामिजक सुरक्षा भत्तालाइ पोषण केन्द्रित बनाउने अभियान संचालन गरिनेछ ।

नोटः यी कार्यक्रम तथा क्रियाकलापहरु सञ्चालन गर्दा अपाङ्गता भएका ५ वर्ष मुनीका बाबालिका, किशोरकिशोरी तथा सुनौलो १००० दिनका महिलालाई समेत प्राथमिकतामा राखी सहभागि गराउनेछ ।

घ) आँखा केन्द्र तर्फः

१. समुदायस्तरमा न शुल्क आँखा जाँच तथा परामर्श सेवाहरु सम्बन्धी शिविर नियमित रफमः संचालन गरिनेछ।
२. बिद्यालयहरुमा आँखा स्वास्थ्य कार्यक्रम संचालन गरिने छ।
३. आँखाको सुरक्षा,हेरचाह र सम्भावित रोगहरूबाट बच्ने उपायहरूबारे समुदाय र सञ्चारमाध्यम मार्फत व्यापक "जनचेतनामूलक तथा प्रवर्द्धनात्मक कार्यक्रमहरू" सञ्चालन गरिनेछ।
४. गाउँपालिका भित्रै मोतिबिन्दुको शल्यक्रिया गर्ने व्यवस्था मिलाइनेछ। गाँउपालिकामा मोतिबिन्दुबाट हुने अन्धोपनालाई पूर्ण रुपमा अन्त्य गर्न मोतिबिन्दु शून्यमा झार्ने नीति लिइनेछ।
५. आँखा स्वास्थ्य सेवालाई थप प्रभावकारी र व्यवस्थित बनाउन अन्य अस्पताल तथा संघ-संस्थाहरुसँग साझेदारी कार्यक्रम संचालन गरिनेछ।

ङ) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण :

1. सामाजिक विभेद लैङ्गिक हिंसा बालविवाह, बहुविवा,ह यौनदुव्यवहार घरेलु हिंसा जस्ता घटनाहरुलाई निरुत्साहित गर्नका लागि भइरहेका सचेतनामुलक कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।
2. महिला तथा दलित समुदाय विरुद्ध हुने सबै प्रकारको हिंसा, शोषण र विभेद उपर शुन्य सहनसिलताको नीति लिइनेछ । महिला सशक्तिकरणका तालिम तथा कार्यक्रमहरुमा निरन्तरता दिइनेछ ।
3. दलित समुदायका लागि क्षमता विकास तथा लक्षित कार्यक्रमहरु सञ्चालन गरिनेछ ।दलित र गैरदलित बिच अन्तरजातीय विवाह गर्ने जोडिलाई सम्मान गरिनेछ ।

4. ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र निर्माण कार्यलाई प्राथमिकता दिइनेछ । ज्येष्ठ नागरिकहरुलाई निशुल्क स्वास्थ्य सेवा तथा उपचारको व्यवस्था मिलाईनेछ । ज्येष्ठ नागरिक आमाबुवाहरुलाई सम्मान कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
5. अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुनस्थापना केन्द्र सि वि आर कार्यक्रमलाई प्रभावकारी बनाइनेछ । ख ग र घ वर्गको अपाङ्गता भएका व्यक्तिहरुको लागि सिपमूलक तथा आयआर्जनका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
6. गृहिणी महिलाहरुलाई आयआर्जनमा जोड्नका लागि विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ।

च) पञ्जीकरण शाखातर्फ :

१. सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई व्यवस्थित बनाउन यातायात तथा अन्य आवश्यक खर्च व्यवस्थापन गरिनेछ।
२. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुमा राष्ट्रिय परिचयपत्र अनिवार्य गराउन अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
३. ३५ दिनभित्र घटना दर्ता (जन्म, मृत्यु, विवाह, सम्बन्धविच्छेद, बसाइसराइ( गर्ने कार्यलाई अनिवार्य बनाउन अभिमुखीरकण कार्यक्रम सञ्चालन गरिनेछ ।
४. व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा भत्ता वितरणलाई थप व्यवस्थित र प्रविधिमैत्री बनाइनेछ ।
५. राष्ट्रिय परिचयपत्र वितरण कार्यक्रमलाई प्रभावकारी र सहजताको लागि वडा कार्यालय टोलबाटै वितरण ,गाउँ , गरिनेछ ।
६. सामाजिक सुरक्षा भत्ता खाने लाभग्राहीहरुको बायोमेट्रिक औंठाछाप रुजु नभएका खण्डमा 'आइरिस' (आँखाको नानी स्क्यान गर्ने) मेसिनमार्फत रुजु गरिनेछ।
७. सेवा करारमा कार्यरत कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गरिनेछ।

४. भौतिक पूर्वाधार विकास तर्फः

1. जुगलका सबै बस्ती तथा टोलमा विकासका आधारभूत सुविधा तथा आवश्यकताहरु पूरा गर्ने नीति लिइनेछ ।
2. नियमित बस सञ्चालन हुने सडकहरुको थप मर्मत-सम्भार एवं स्तरोन्नति गर्दै गाउँपालिकाका हरेक वडामा बाह्रै महिना बस सञ्चालन हुने व्यवस्था मिलाइनेछ।
3. पूर्वाधार निर्माणमा हुने लापरवाही र गुणस्तरहीन कार्यलाई नियन्त्रण गर्न तथा पूर्वाधार निर्माणको दिगोपनलाई सुनिश्चत गर्न पूर्वाधार मर्मत संभारकोष स्थापना तथा निर्माण सामाग्रीको ल्याव परिक्षाणा जोड दिइनेछ।
4. गाउँपलिकाभित्र हुने पूर्वाधार निर्माणमा स्थानीय श्रोत साधनको उपयोगलाई प्राथमिकता दिइनेछ।
5. खानेपानी तथा सिँचाई पूर्वाधार निर्माणको लागि श्रोतहरुको पहिचान र सम्भाव्यता अध्ययन गरिनेछ।
6. पर्यटनको दृष्टिकोणले महत्वकांक्षी बहुवार्षिय योजनाको रुपमा अगाडि बढाइएका निर्माणाधिन पूर्वाधारहरु यसै आर्थिक वर्षभित्र सम्पन्न गरिनेछ।

7. विस्तृत परियोजना प्रतिवेदन )DPR) भइसकेका झोलुङ्गे पुलहरूलाई आवश्यकता र प्राथमिकताका आधारमा निर्माण कार्य अगाडि बढाइनेछ।
8. जुगल गाउँपालिकाको गौरवका अयोजनाहरु १० बेड अस्पताल, जुगल भ्यू पोइन्ट तथा सौंस्कृतिक केन्द्र,जुगल मिनि रङ्गशाला, निर्माण कार्य सम्पन्न गरिनेछ ।
9. धार्मिक एवम् सौंस्कृतिक धरोहर, आस्था र विश्वासको केन्द्रको रुपमा रहेको गुम्बा, मठमन्दिर ,चर्च, भवनहरुको निर्माण र संरक्षण कार्यलाइ निरन्तरता दिइनेछ।
10. एकीकृत एवम् सामूहिक खानेपानी आयोजनामार्फत एक घर एक धारा अभियानलाई तीव्र पारिनेछ र सिँचाई कुलो निर्माण तथा मर्मत-सम्भारमा जोड दिइनेछ।
11. च्याङग्रसि पार्क, गाङ ल्हे बुद्धा पार्क, यर्सा गङ गुरु रेम्पोचे र दोमङ पोखरी निर्माण कार्यलाई पूर्णता दिइनेछ ।
12. नागरिकहरूको दैनिक आवतजावतलाई सहज बनाउन गाउँपालिकाभित्रका सिँढी तथा गोरेटो बाटोहरु स्तरोन्नती गरिनेछ।
13. गाउँपालिकाको प्रशासनिक भवनमा मुख्य प्रवेशद्वार निर्माण तथा परिसरमा स्लेट ढुङ्गा बिछ्याई थप (गेट) व्यवस्थित र सुविधासम्पन्न बनाइनेछ।
14. गाँउपालिकाभित्रका सार्वजनिक सम्पत्तिहरुको संरक्षण, रेखदेख तथा नियमित मर्मत सम्भारमा ध्यान दिइनेछ।
15. पूर्वाधारका योजनाको निर्माण तथा सञ्चालनमा निजीक्षेत्रसँगको साझेदारीका लागि विभिन्न आयोजना तयार गरी कार्यान्वयन गरिनेछ।
16. गोल्चे निम्लुङ संचगाउँ लिदी नयाँ ट्र्याक खोल्ने कार्यलाई निरन्तरता दिइनेछ ।

५. वन, वातावरण तथा विपद् व्यवस्थापन तर्फः

1. विपदको जोखिममा रहेका बस्तीहरुलाई स्थानान्तरण एवं पुनःस्थापना गरिनेछ। जोखिम न्यूनिकरणको दृष्ट्रिकोणले संरक्षण गर्नु पर्ने बस्ती तथा घरहरुलाई संरक्षण गर्ने प्रबन्ध मिलाइनेछ।
2. वन तथा वातावरण संरक्षणलाई जोड दिईनेछ।
3. विपद् व्यवस्थापन प्रतिकार्य योजना, आपतकालिन कार्य सञ्चालन केन्द्र निर्माण र विपद्को समयमा खोजी, उद्दार तथा राहत सामग्रीहरुको वितरणको कार्यलाई थप प्रभावकारी बनाईनेछ।
4. वातावरणमैत्री जीवनशैली प्रवर्द्धन गर्दै स्थानीय स्रोतको संरक्षण र विपद् प्रतिरोधात्मक समुदाय निर्माण गरिनेछ।
5. प्रमुख पूर्वाधार आयोजनाहरुको कार्यान्वयन गर्दा त्यस्ता आयोजनाहरुले वातावरणमा पार्ने असर न्यूनिकरणको लागि प्रारम्भिक वातावरणिय परिक्षण (IEE) अध्ययन गरिनेछ ।
6. खाली जग्गामा वृक्षारोपण, हरियाली प्रवर्द्धन तथा वनको संरक्षण र हैसियतमा सुधार गरी जल, जमिन तथा वातावरणको संरक्षण र जीविकोपार्जनको अवसरमा वृध्दि गरीनेछ ।
7. बाढी पहिरो जोखिम मूल्यांकन गरि विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशील योजना तर्जुमा गरी सो अनुसार विपद पूर्व तयारी, विपद न्यूनीकरण, प्रतिकार्य र पुनर्स्थापनाको कार्यलाई व्यवस्थित र प्रभावकारी बनाइनेछ ।
8. भुकम्पीय जोखिम न्यूनिकरणको लागि भुकम्प प्रतिरोधी भवन तथा संरचना निर्माण कार्यलाई प्राथमिकता दिइनेछ ।

9. विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापनमा गाउँपालिकाको क्षमता बढाउँदै संघ र प्रदेश सरकारसँगको समन्वय र सहाकार्यमा काम गरिनेछ।
10. ग्रामीण क्षेत्रमा भौगोलिक हिसाबले विकट र छरिएर रहेका तथा विपदका जोखिममा रहेका र सीमान्तकृत घर परिवारलाई आधारभूत सुविधा सहितको एकीकृत बस्ती निर्माण गरिनेछ। विपदबाट हुने धनजनको क्षति कम गर्न र विपद्लाई न्यूनिकरण गर्न सुरक्षा निकाय लगायत अन्य सरोकारवाला निकायहरुको सहकार्यमा विपद् जोखिम न्यूनिकरणका कार्यक्रमहरु सञ्चालन गरिनेछ।
11. सामुदायिक वनका उपभोक्ता समूहहरुलाई क्रियाशिल बनाइनेछ ।
12. विधालयहरुमा विपद जन्य घटना मनसुन तथा वातावरणीय सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।
13. वहु सरोकारवाला निकायसँग समन्वय गरी वातावरण संरक्षण कार्यक्रम गरिनेछ ।
14. गाउँपालिका भित्र रहेका जोखिम क्षेत्रहरुको पहिचान तथा नक्साङ्कन गरिनेछ ।
15. सहायक राजमार्ग ढाँडे देखि मान्जेसम्मको लगत कट्टा गरिनेछ ।

६.न्यायिक तर्फः

1. स्थानीय स्तरका विवादहरूको मेलमिलाप तथा न्यायिक निरूपणमार्फत सामाजिक सद्भाव कायम गर्ने नीति अवलम्बन गरिनेछ।
2. न्यायमा सबै नागरिकको सहज पहुँच सुनिश्चित गर्दै पीडितमैत्री तथा जनउत्तरदायी न्याय प्रणाली विकास गरिनेछ।
3. मेलमिलापलाई प्राथमिकता दिई विवाद समाधानको स्थानीय संस्कृतिलाई संरक्षण र प्रवर्द्धन गरिनेछ।
4. महिला, बालबालिका, ज्येष्ठ नागरिक, दलित, अपाङ्गता भएका व्यक्ति तथा विपन्न वर्गको न्यायमा पहुँचलाई विशेष प्राथमिकता दिइनेछ।
5. न्यायिक समितिको संस्थागत क्षमता अभिवृद्धि गरी कानूनी शासनको प्रत्याभूति गरिनेछ।
6. न्यायिक समितिमा दर्ता भएका उजुरीहरूको समयमै सुनुवाइ तथा फछ्र्यौट गरिनेछ।
7. वडा तहसम्म मेलमिलाप केन्द्रको सुदृढीकरण गरिनेछ।
8. गाउँस्तरमा सामाजिक सद्भाव तथा विवाद न्यूनीकरण सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।
9. न्यायिक समिति पदाधिकारी, कर्मचारी तथा मेलमिलापकर्ताहरूलाई कानून तथा न्याय सम्पादन सम्बन्धी तालिम प्रदान गरिनेछ।
10. न्यायिक समितिको कार्यसम्पादन सुधारका लागि अन्तरपालिका अनुभव आदानप्रदान कार्यक्रम सञ्चालन गरिनेछ।
11. उजुरी दर्ता, मुद्दा व्यवस्थापन तथा फैसला अभिलेखीकरणलाई डिजिटल प्रणालीमा आबद्ध गरिनेछ।
12. न्यायिक समितिको कार्यसम्पादनसम्बन्धी वार्षिक प्रतिवेदन सार्वजनिक गरिनेछ।
13. विपन्न तथा असहाय नागरिकका लागि निःशुल्क कानूनी परामर्श सेवा सञ्चालन गरिनेछ।
14. विद्यालय, समुदाय तथा महिला समूहहरूमा कानूनी साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ।
15. घरेलु हिंसा, लैङ्गिक हिंसा, बालअधिकार तथा सामाजिक विभेद विरुद्ध सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।
16. न्यायिक समितिको कार्यसम्पादनको नियमित अनुगमन तथा मूल्यांकन गरिनेछ।
17. सेवा प्रवाह सुधारका लागि नागरिक गुनासो तथा सुझाव संकलन प्रणाली लागू गरिनेछ।

७. हाइड्रोपावरतर्फः

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

रेशम स्याङबो
अध्यक्ष

Date ____________
Page ____________

1. आयोजनाहरुमा हुने विवाद निरुपण गर्न स्थानीय तह, आयोजना र स्थानीय समुदायबीच त्रिपक्षीय समन्वय संयन्त्र गठन गरिनेछ।
2. आयोजनाहरूमा उपलब्ध भएसम्म कम्तीमा ७० प्रतिशत स्थानीय श्रमिकलाई रोजगारीमा प्राथमिकता दिने व्यवस्था मिलाइनेछ।
3. आयोजनाका लागि आवश्यक पर्ने दक्ष जनशक्ति स्थानीयस्तरमै उत्पादन गर्न विशेष प्राविधिक तथा व्यावसायिक तालिम कार्यक्रमहरू सञ्चालन गरिनेछ।
4. आयोजनाको सामाजिक उत्तरदायित्व अन्तर्गतको रकम गाँउपालिकाको प्राथमिकताका आधारमा शिक्षा, स्वास्थ्य, खानेपानी, सडक, कृषि तथा पर्यटन क्षेत्रमा लगानी गर्न प्रोत्साहन गरिनेछ।
5. आयोजना प्रभावित वडाहरूलाई लक्षित गरी वार्षिक सामाजिक विकास कार्यक्रम सञ्चालन गर्न लगाइनेछ।
6. प्रभावित क्षेत्रका जेहेन्दार तथा विपन्न विद्यार्थीहरूका लागि विद्यालय छात्रवृत्ति तथा प्राविधिक शिक्षा सहयोग कार्यक्रम लागू गरिनेछ।
7. वातावरणीय प्रभाव मूल्यांकनका शर्तहरुको पूर्ण पालना अनिवार्य गरिनेछ।
8. आयोजना निर्माणका क्रममा नदी प्रणाली, जैविक विविधता तथा वन संरक्षणमा पर्ने नकारात्मक असर न्यूनीकरण गर्न विशेष ध्यान दिइनेछ।
9. आयोजनाका सवारी साधन र ढुवानीका कारण बिग्रिएका सडकहरूको स्तरोन्नति तथा मर्मतमा आयोजनाको साझेदारी अनिवार्य गरिनेछ।
10. आयोजना प्रभावित क्षेत्रमा शत प्रतिशत विद्युत पहुँच विस्तार तथा सडक बत्ती कार्यक्रम सञ्चालन गरिनेछ।
11. आयोजनाहरूमा स्थानीय बासिन्दाको हकप्रद सेयर तथा सामुदायिक लगानीको सुनिश्चितताका लागि सहजीकरण र प्रोत्साहन गरिनेछ।

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

**रेशम स्याङबो**
**अध्यक्ष**

## जुगल गाउँपालिकाको आर्थिक ऐन, २०८३

प्रस्तावना : गाउँपालिकाको आर्थिक बर्ष २०८३/०८४ को अर्थ सम्बन्धी प्रतावना लाई कार्यन्वयन गर्नको निमित्त स्थानीय कर, सेवा, शुल्क तथा दस्तुर संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक ब्यबस्था गर्न वाञ्छनीय भएकोले नेपालको संविधानधारा २२८ को उपधारा(२) बमोजिम जुगल गाउँपालिकाको २० औ गाउँसभाले आर्थिक विधेयक २०८३ पारित गरिएकोछ ।

**१.संक्षिप्त नाम र प्रारम्भः**

(१.१) यस विधेयको नाम जुगल गाउँपालिकाको आर्थिक ऐन, २०८३ रहेको छ ।

(१.२) यस ऐन बमोजिमका दफाहरु २०८३ श्रावण १ गते देखि २०८४ असार मसान्त सम्म जुगल गाउँपालिकाको क्षेत्र भित्र लागुहुनेछ ।

**२.सम्पति/मालपोत कर :** आर्थिक बर्ष २०८३/०८४ मा यस गाउँपालिका क्षेत्रभित्र अनुसुची १ बमोजिम सम्पति/मालपोत कर लगाईने र असुल उपर गरिनेछ ।

३. घर बहाल कर : आर्थिक बर्ष २०८३/०८४ को यस गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ती वा संस्थाले भवन,घर,पसल, ग्यारेज, गोदाम,टहरा,छप्पर, जग्गा वा आंशिक तवरले बहालमा दिएकोमा अनुसुची -२ बमोजिम घर बहाल कर लगाइने र असुल उपर गरिनेछ ।

४. व्यवसाय कर : आर्थिक बर्ष २०८३/०८४ मा यस गाउँपालिका क्षेत्र भित्र व्यापार, व्यवसाय वा सेवामा पुंजीगत लगानी र आर्थिक कारोबारका आधारमा अनुसुची -३ बमोजिम व्यवसाय दर्ता तथा नविकरण कर लगाइने र असुल उपर गरिनेछ ।

५. स्लेट ढुंगा, गीटी, बालुवा, जडीबुटी, काठ, कवाडी, जीबजन्तु कर : आर्थिक बर्ष २०८३/०८४ मा यस गाउँपालिका क्षेत्र भित्र कुनै ब्यक्ति वा संस्थाले स्लेट ढुंगा, गीटी बालुवा, ऊन, खोटो, जडीबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरेको जीबजन्तु बाहेकका अन्य मृत वा मारिएका जीबजन्तुको हाड, सिङ, प्वाँख, छाला, जस्ता बस्तुको व्यवसायिक कारोबार गरेबापत अनुसुची - ४ बमोजिम कर लगाइने र असुल उपर गरिनेछ ।

६. विज्ञापन कर : आर्थिक बर्ष २०८३/०८४ मा यस गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि -५ बमाजिम विज्ञापन कर र असुल उपर गरिनेछ ।। बागमती प्रदेश सरकारको प्रदेश आर्थिक ऐनमा उल्लेख भएको राजस्व शिर्षकको दरका सम्बन्धमा सोहि बमोजिम हुनेछ ।

७.मनोरन्जन कर : आर्थिक बर्ष २०८३/०८४ मा यस गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा बागमती प्रदेश सरकारको प्रदेश आर्थिक ऐन को अधिनमा रहि तयार गरिएको अनुसुची - ६ बमोजिम मनोरञ्जन कर लगाइने र असुल उपर गरिनेछ ।

८. बहाल बिटौरी शुल्क : आर्थिक बर्ष २०८३/०८४ मा यस गाउँपालिका क्षेत्र भित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेको वा सार्वजनिक पर्ती जग्गाहरुमा गाउँपालिकाको पूर्व स्वीकृतिमा बनाई संचालनहुने सार्वजनिक निर्माणमा अनुसुची ७ बमोजिम बहाल बिटौरी शुल्क लगाइने र असुल उपर गरिनेछ ।

९. पार्किङ शुल्कः आर्थिक बर्ष २०८३/०८४ मा यस गाउँपालिका क्षेत्र भित्रकुनै सवारी साधन लाई पार्किङ सुबिधा उपलब्ध गराएवापत अनुसुची -८ बमोजिम पार्किङ शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१०. ट्रेकिङ, रचाफ्टिङ र प्याराग्लाईडिङ शुल्क : आर्थिक बर्ष २०८३/०८४ मा यस गाउँपालिका क्षेत्र भित्र ट्रेकिङ, चाफ्टिङ र प्याराग्लाईडिङ सेवा उपलब्ध गराए वापत अनुसुची -९ बमोजिम ट्रेकिङ, चाफ्टिङ र प्याराग्लाईडिङ शुल्क लगाइने र असुल उपर गरिनेछ ।

रेशम स्याङबो
अध्यक्ष

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

११. सेवा शुल्क दस्तुर : आर्थिक बर्ष २०८३/०८४ मा यस गाउँपालिकाले निर्माण संचालन व्यवस्थापन गरेको स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट अनुसुची -१० बमोजिम सेवा,शुल्क, दस्तुर लगाइने र असुल उपर गरिनेछ ।

११.(क) निषेधित क्षेत्रबाट नदिजन्य पदार्थ वा स्लाव स्टोन, स्लेट, फुटे ढुङ्गा उत्खनन् र संकलन गरेमा अनुसुचि ११ बमोजिम दण्ड जरिवाना लगाइनेछ ।

१२. कर छुट : (१) कर लगाउने र छुट दिने अधिकार गाउँसभामा निहित हुने छ। यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरु लाई कुनै पनि किसिमको कर छुट दिइने छैन। तर आन्तरीक आय तर्फको आय संकलन ठेक्का द्वारा व्यवस्थापन गर्दा कवोल गरेको रकमको एकमुस्ठ अग्रिम रुपमा बुझाएमा कवोल अंकको ५ प्रतिशत रकम छुट दिईने छ।

(२) प्रचलित कानून बमाजिम निर्धारण भएको सबै प्रकारका राजस्व वक्यौता रकम, दण्ड जरिवानालाई छुट दिईने छैन । कर, छुट र छलीमा संलग्न कर्मचारी तथा पदाधिकारीलाई यस्तो छुट छलिको रकम सरकारी बाँकी सरह उनीहरुबाटै असुल उपर गरिने छ। यस ऐनमा उल्लेख गरिएका बिषयहरुमा यसै बमोजिम र उल्लेख नगरिएका बिषयमा प्रचलित कानुनमा व्यबस्था भए बमोजिम हुनेछ ।

१३. कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि : यो ऐनमा भएको व्यबस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधी गाउँकार्यपालिकाले तोके बमोजिम हुनेछ ।

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

**रेशम स्याङबो**
**अध्यक्ष**

जुगल गाउँपालिका
जुगल गाउँपालिका को आर्थिक ऐन २०८३
दफा २ अनुसूचि (१) बमोजिम सम्पत्ति/मालपोत कर

| सि.नं | विवरण | करका दर (रु.) | कैफियत |
|---|---|---|---|
| 1 | मुख्य सडकसंग जोडिएका खेतवारी (प्रति रोपनी) | 96 | lf]qkmn cfgfnfO{ /f]kgLdf kl/jt{g ul/Psf] |
| | माटे सडक संग जोडिएका खेतबारी (प्रति रोपनी) | 48 | |
| 2 | सडकले नछोएको क्षेत्रमा खेत प्रति रोपनी | | |
| | अवल | 17 | |
| | दोयम | 15 | |
| | सिम | 13 | |
| | चार | 11 | |
| 3 | सडकले नछोएको क्षेत्रमा बारी प्रति रोपनी | | |
| | अवल | 12 | |
| | दोयम | 11 | |
| | सिम | 10 | |
| | चार | 9 | |
| वडा कार्यलय र गाउँपालिकामा सेवा लिनु भन्दा पहिला सेवाग्राहीले मालपोत कर र घर वहाल कर अनिवार्य रुपले तिर्नु पर्नेछ । | | | |
| | RCC/RBC ढलान घर (प्रति तला) (चार कोठा) | | |
| | मुल सडक | 200 | |
| | शाखा सडक | 150 | |
| | अन्य | 100 | |
| | मुल सडक | 50 | |
| | शाखा सडक | 40 | |
| | अन्य | 30 | |

जुगल गाउँपालिका
जुगल गाँउपालिका को आर्थिक ऐन २०८३
दफा ३ अनुसूचि (२) बमोजिम घर जग्गा वहाल कर

| सि.नं | विवरण | करका दर (रु.) |
|---|---|---|
| 1 | घर बहाल कर | 5% |
| 2 | जग्गा बहाल कर | 5% |

जुगल गाउँपालिका
जुगल गाँउपालिका को आर्थिक ऐन २०८३
दफा ४ अनुसूचि (३) व्यवसाय कर

| क.स. | व्यवसाय विवरण | बार्षिक दर्ता कर | |
|---|---|---|---|



रेशम स्याङबो
अध्यक्ष

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

| 1 | राजश्व परामर्श समितीले निर्धारण.गरी गाउँसभाले पास गरे अनुसारको व्यवसाय कर प्रत्येक वर्ष असुली गर्नु पर्नेछ। चालु आ.व. भित्र नभइ अर्को वर्ष असुल गर्नु पर्दा १० प्रतिशत प्रतिवर्ष विलम्व दस्तुर थप गरी असुल गरिनेछ। | ३० लाख भन्दा माथि पुँजी भएका | १५ लाख देखि ३० लाख भन्दा कम पुँजी भएका | ५ लाख देखि १५ लाख भन्दा कम पुँजी भएका | ५ लाख भन्दा कम पुँजी भएका | **नविकरण शुल्क** |
|---|---|---|---|---|---|---|
| 2 | सुन चाँदी विक्रेता | 2000 | 1500 | 1000 | 500 | दर्ता शुल्कको ५० प्रतिशत |
| 3 | मदिरा पसल | 2000 | 1500 | 1000 | 500 | |
| 4 | सुर्तिजन्य पदार्थ | 2500 | 1500 | 1000 | 500 | |
| | क) थोक विक्रेता | 2500 | 2000 | 1000 | 500 | |
| | ख) खुद्रा विक्रेता | 2000 | 1500 | 1000 | 500 | |
| 5 | पेय पदार्थको थोक विक्रेता | 2000 | 1500 | 1000 | 500 | |
| 6 | सिमेन्ट, रड, धातुका निर्माण सामाग्री पसल | 2000 | 1500 | 1000 | 500 | |
| 7 | विद्युत पसल | 2000 | 1500 | 1000 | 500 | |
| 8 | रेडियो, घडी, मोवाइल तथा अन्य विद्युतीय सामान विक्री गर्ने पसल | 2000 | 1500 | 1000 | 500 | |
| 9 | फर्निचर उद्योग तथा विक्रेता | 2000 | 1500 | 1000 | 500 | |
| 10 | खाद्यान्न किराना पसल | 2000 | 1500 | 1000 | 500 | |
| | खाद्यन्न स्टोर तथा थोक विक्री गर्ने पसल | 2500 | 2000 | 1500 | 1000 | |
| 11 | फलफुल तथा तरकारी पसल | 2000 | 1500 | 1000 | 500 | |
| 12 | स्वदेशी विदेशी कपडा तथा तयारी पोसाक जुत्ता आदि विक्री पसल | 2000 | 1500 | 1000 | 500 | |
| 13 | मासु विक्रेता | 2000 | 1500 | 1000 | 500 | |
| 14 | भाँडाकुडा विक्रेता | 2000 | 1500 | 1000 | 500 | |
| 15 | सिलाइ कटाई पसल | 2000 | 1500 | 1000 | 500 | |
| 16 | चिया तथा खाजा पसल | 2000 | 1500 | 1000 | 500 | |
| 17 | विशेष परामर्श तथा अन्य व्यवसायिक सेवा | 1500 | | | | |
| 18 | सामान ढुवानी सप्लायर्स | 2500 | 2000 | 1500 | 1000 | |
| 19 | निर्माण व्यवसाय | घ श्रेणीको व्यवसाय नामसारीका लागि १०,००० र नाम परिवर्तन, प्रमाण पत्रको प्रतिलिपिका लागि २५०० शुल्क लाग्ने छ। | | | | |
| | क श्रेणीको | | | | | |
| | ख श्रेणीको | | | | | |
| | ग श्रेणीको | | | | | |
| | घ श्रेणीको | 10000 | | | | |
| | घ श्रेणीको व्यवसाय १ बर्षको नविकरण विलम्व शुल्क | 20000 | | | | |
| | घ श्रेणीको व्यवसाय १ बर्ष भन्दा बढीको विलम्व शुल्क | पहिलो बर्षको विलम्व शुकमा क्रमस १०००० थप गर्दै लगिनेछ | | | | |
| 20 | हाइड्रोपावर दर्ता र सुचिकरण | दर्ताका लागि सम्वन्धित पक्षसंग समन्वय गरि निर्धारण गर्न सुझाव दिने | | | | |
| क | १ मेगावाट भन्दा कमका सुचिकरण शुल्क | २०००० | | | | |
| ख | १ - ४.९९ मेगावाट सम्मका सुचिकरण शुल्क | ५०००० | | | | |
| ग | ५ - १९.९९ मेगावाट सम्मका सुचिकरण शुल्क | १००००० | | | | |
| घ | २० मेगावाट भन्दा माथिका सुचिकरण शुल्क | १५०००० | | | | |
| 21 | पर्यटन व्यवसाय | 2500 | | | | |
| 22 | होटल लज (होटल लज होटल रेष्टुरेन्ट) | 2500 | 2000 | 1500 | 1000 | |
| 23 | पोल्ट्री फर्म | 2000 | 1500 | 1000 | 500 | |
| 24 | स्टेशनरी पसल | 2000 | 1500 | 1000 | 500 | |

**रेशम स्याङबो**
**अध्यक्ष**

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 25 | सहकारी संस्था | 1000 | | | | |
| 26 | मेडिकल पसल | 2500 | | | | |
| 27 | एक भन्दा बढी व्यवसाय | एक भन्दा बढी व्यवसाय गर्नेको हकमा बढी करको पुरा शुल्क लिएर थप व्यवसायको ५० प्रतिशत थप गर्दै लगिनेछ । | | | | |
| 29 | स्लेट ढुंगा सप्लायर्स | 5000 | | | | |
| 30 | कृषि तथा पशुपंक्षी कृषक समुह | 500 | | | | |
| 31 | हार्डवयर पसल | 2500 | 2000 | 1000 | 500 | |
| 34 | रासायनिक मल विक्रेता | 1000 | | | | |
| 35 | एग्रोभेट | 2000 | 1500 | 1000 | 500 | |
| 36 | कृषि, पशुपंक्षी तथा माछापालन फर्म | 2000 | 1500 | 1000 | 500 | |
| 37 | क्रसर उद्योग | 50000 | | | | |
| 38 | स्लेट ढुङगा र नदिजन्य पदार्थको उत्खनन क्षेत्र दर्ता शुल्क | | | | | |
| क | नदिजन्य पदार्थ १० रोपनी सम्म | 20000 | | | | |
| ख | नदिजन्य पदार्थ ११ रोपनी देखि माथि | 40000 | | | | |
| ग | स्लेट ढुङगा उत्खनन क्षेत्र ५ रोपनी सम्म | 30000 | | | | |
| घ | स्लेट ढुङगा उत्खनन क्षेत्र ६ देखि १० रोपनी सम्म | 50000 | | | | |
| ङ | स्लेट ढुङगा उत्खनन क्षेत्र ११ देखि १५ रोपनी सम्म | 100000 | | | | |
| 39 | पानी घट्टा | 500 | | | | |
| 40 | कागज उद्योग दर्ता | 2000 | | | | |
| 41 | गैर सरकारी संस्था दर्ता तथा अनुमती प्रदान | 2500 | | | | |
| 42 | आमा समूह | 500 | | | | |
| 43 | टोल विकास संस्था | 1000 | | | | |
| 44 | सामुदायीक पुस्तकालय | 500 | | | | |
| 45 | अन्य व्यवसाय दर्ता तथा नविकरण | 2000 | 1500 | 1000 | 500 | |
| 46 | खानेपानी/सिंचाई/सर्वेक्षण/उपयोग दर्ता तथा नविकरण शुक | 1000 | | | | |
| ४७ | कम्पनी तथा संस्था सुचिकृत तथा नविकरण शुल्क | न्युनतम ५००० वा ०.१ प्रतिशत | | | | थप गरिएको |
| ४८ | बैक तथा वित्तिय संस्था सुचिकृत तथा नविकरण शुल्क | | | | | थप गरिएका |
| ४८.१ | क वर्ग | ११००० | | | | थप गरिएका |
| ४८.२ | ख वर्ग | ९००० | | | | थप गरिएका |
| ४८.३ | ग वर्ग | ७००० | | | | थप गरिएका |
| ४८.४ | घ वर्ग | ५००० | | | | थप गरिएका |

घ श्रेणीको व्यवसाय बाहे माथि उल्लेखी अन्य व्यवसायको नामसारी, नाम परिवर्तन, प्रमाण पत्रको प्रतिलिपिका लागि ५०० शुल्क लाग्ने छ ।

**रेशम स्याङबो**
**अध्यक्ष**

जुगल गाउँपालिका

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

## जुगल गाँउपालिका को आर्थिक ऐन २०८३
## दफा ५ अनुसूचि (४) स्लेट ढुंगा, गीटी बालुवा, काठ, जडिबुटी, कवाडी र जीवजन्तु कर

| सि.नं | विवरण | करका दर (रु.) | कैफियत |
|---|---|---|---|
| 1 | चिराइतो प्रति के.जी. | 10 | |
| 2 | जटामसी प्रति के.जी. | 10 | |
| 3 | निरमसी प्रति के.जी. | 15 | |
| 4 | नागवेली प्रति के.जी. | 10 | |
| 5 | सतुवा प्रति के.जी. | 25 | |
| 6 | कुर्की प्रति के.जी. | 10 | |
| 7 | पदमचाल प्रति के.जी. | 10 | |
| 8 | यार्सागुम्वा प्रति के.जी. | 10000 | |
| 9 | धुपी प्रति के.जी. | 2 | |
| 10 | लोक्ता प्रति के.जी. | 5 | |
| 11 | सुनपाती प्रति के.जी. | 5 | |
| 12 | अर्गेली प्रति के.जी. | 10 | |
| 13 | पाखनवेद प्रति के.जी. | 10 | |
| 14 | वन लसुन प्रति के.जी. | 50 | |
| 15 | विष प्रति के.जी. | 10 | |
| 16 | विषफेज प्रति के.जी. | 10 | |
| 17 | छुर्पी प्रति के.जी. | 10 | थप गरिएको |
| 18 | सिस्नु प्रति के.जी. | 2 | |
| 19 | चुथ्रो प्रति के.जी. | 5 | |
| 20 | कुरिलो प्रति के.जी. | 10 | |
| 21 | रातो मछिटो लहरा प्रति के.जी. | 10 | |
| 22 | सेतो चिनी प्रति के.जी. | 5 | |
| 23 | उतिस (प्रति क्युफिट) | 10 | |
| 24 | सिमल (प्रति क्युफिट) | 10 | |
| 25 | फलेतो (प्रति क्युफिट) | 10 | |
| 26 | मौवा (प्रति क्युफिट) | 10 | |
| 27 | खोटे सल्लो (प्रति क्युफिट) | 25 | |
| 28 | भिरमौरीको मह (प्रतिलिटर) | 25 | |
| 29 | टुनी (प्रति क्युफिट) | 25 | |
| 30 | दसिंगर (प्रति क्युफिट) | 25 | |
| 31 | ठिंगे सल्ला(प्रति क्युफिट) | 25 | |
| 32 | बोका, खसी, भेडा (प्रतिगोटा) | 50 | |
| 33 | भैसी, चौरी प्रति गोटा | 200 | |
| 34 | कवाडी फलाम (प्रति के.जि.) | 0.5 | |
| 35 | दाउरा प्रति के.जी. | 2 | थप गरिएको |
| 36 | प्लास्टीक बोटल (प्रति के.जि.) | 25 पैसा | |
| 37 | कागज प्रति के.जी. | 25 पैसा | |
| 38 | स्लेट ढुङ्गा (प्रति क्युफिट)(प्रदेश कानुन अनुसार) | 9 | |
| 39 | गीटी, बालुवा प्रति (प्रति क्युफिट) (प्रदेश कानुन अनुसार) | 9 | |
| 40 | माटो प्रति घन मिटर | 50 | |

रेशम स्याङबो
अध्यक्ष

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बरामी, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

| | सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्रि तथा उपयोग सम्बन्धि आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिकाबाट स्वीकृत गनुपर्ने वन पैदावारको बिक्रि बापद प्राप्त हुने रकमको १० प्रतिशत रकम यस गाउँपालिकाको संचित कोषमा जम्मा गर्नुपर्नेछ। |
|---|---|

## जुगल गाउँपालिका
## जुगल गाँउपालिका को आर्थिक ऐन २०८३
## दफा ६ अनुसूचि (५) विज्ञापन कर

| सि.नं | विवरण | करका दर (रु.) | कैफियत |
|---|---|---|---|
| 1 | होडिङ्ग बोर्ड वार्षिक सेवा शुल्क प्रति वर्ग फिट | 200 | |
| | आफनो व्यवसाय परिचयको लागि १५ वर्ग फिट सम्मको होडिङ्ग बोर्डमा छुट दिइनेछ | | |

### जुगल गाउँपालिका
### जुगल गाँउपालिका को आर्थिक ऐन २०८३
### दफा ७ अनुसूचि (६) मनोरन्जन कर

| सि.नं | विवरण | मनोरञ्जन कर (रु) | | |
|---|---|---|---|---|
| | | स्थानीय | प्रदेश | एकल |
| बागमती प्रदेश सरकारको आर्थिक विधेयक, २०७५ को दफा ४ को अनुसुची ३ मा भएको व्यवस्था अनुसारको देहाएको कर लगाइने छ। | | | | |
| 1 | चलचित्र घरमा चलचित्र प्रदर्शन गर्दा दर्शकहरुबाट प्रति टिकट | 3 % | 2 % | 5 % |
| 2 | भिडियो घरम, सांस्कृतिक प्रदर्शनहल, कन्सर्ट, थियटर/नाटकघर, फनपार्क, बाटर गार्डेन, वाल उद्यान, दोहोरी साँझ, डान्सबार लगायतकामा प्रति टिकट/विल | 3 % | 2 % | 5 % |
| 3 | तीन महिना भन्दा बढी जादु सर्कस मेला सञ्चालन गराए वापत प्रति दिन | 40 | 60 | 100 |
| 4 | तीन महिना भन्दा बढी जादु सर्कस मेला वा मनोरञ्जन प्रदायक कार्यक्रम सञ्चालन गराए मासिक | 2000 | 3000 | 5000 |

### जुगल गाउँपालिका
### जुगल गाँउपालिका को आर्थिक ऐन २०८३
### दफा ८ अनुसूचि (७) बहाल बिटौरी शुल्क

| सि.नं | विवरण | करका दर (रु.) | कैफियत |
|---|---|---|---|
| 1 | गाउँपालिका सडकहरुको दायाँ बायाँमा रहेको सार्वजनिक जग्गामा व्यवसायीक प्रयोजनका लागि टहरा लगाएतका संरचना बनाई रिसोर्ट, होटल, उद्योग व्यवसाय सञ्चालन गरेका उद्योगी तथा व्यवसायीहरु संग प्रति रोपनी | 20000 | |

रेशम स्याङबो
अध्यक्ष

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

### जुगल गाउँपालिका
### जुगल गाँउपालिका को आर्थिक ऐन २०८३
### दफा ९ अनुसूचि (८) पार्किङ शुल्क

| सि.नं | विवरण | करका दर (रु.) | कैफियत |
|---|---|---|---|
| 1 | पार्किङ्ग शुल्क | 20 | |

### जुगल गाउँपालिका
### जुगल गाँउपालिका को आर्थिक ऐन २०८३
### दफा १० अनुसूचि (९) ट्रेकिङ्ग, कायाकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिफलायर ऱ्याफ्टिङ्ग शुल्क

| सि.नं | विवरण | करका दर ( रु.) | कैफियत |
|---|---|---|---|
| 1 | कायोकिङ्ग डुगा प्रवेश शुल्क | 100 | |

### जुगल गाँउपालिका
### जुगल गाँउपालिका को आर्थिक ऐन २०८३
### दफा ११ अनुसूचि (१०) सेवा शुल्क, दस्तुर

| सि.नं | विवरण | करका दर (रु.) | कैफियत |
|---|---|---|---|
| १ | विभिन्न प्रकारका सिफारीस दस्तुर | 100 | |
| २ | घर जग्गा छुट्याउन/नक्सा पास प्रयोजनका लागि अमिन फिल्ड जानु पर्दा ५ रोपनी सम्म | १०० | |
| ३ | घर जग्गा छुट्याउन/नक्सा पास प्रयोजनका लागि अमिन फिल्ड जानु पर्दा ५ रोपनी भन्दा माथि | १५० | |
| ४ | जग्गा नामसारी सिफारीस | 100 | |
| ५ | आयस्रोत सम्पत्ती मूल्याकन प्रमाणित प्रतिहजार | ०.१० | |
| ६ | साना तथा घरेलु उद्योग सिफारीस | १००० | |
| ७ | मझौला उद्योग सिफारीस | २००० | |
| ८ | ठुला उद्योग चिरान मिल फर्निचर उद्योग सिफारीस | 100 | |
| ९ | डिलर लिने सिफारीस | ५०० | |
| १० | नागरिकता सिफारीस | 100 | |
| १२ | अगिकृत नागरिकताको सिफारीस | 100 | |
| १३ | अदालतबाट प्राप्त वादविवाद तथा उजुरी दर्ता शुल्क | २०० | थप गरिएको |
| १४ | घर जग्गा मुल्याङ्कन प्रतिशत प्रतिहजार | ०.०१ | |
| १५ | प्रतिलिपी प्रमाणित प्रतिलिपी दस्तुर | 100 | |
| १६ | चार किल्ला प्रमाणित | ५०० | |
| | घरबाटो भए नभएको प्रमाणित वा सिफारीस रु ५०० र स्थलगत निरिक्षण गरिएको रु ५०० शुल्क लाग्नेछ। | | |
| १८ | घर जग्गा कर रसिदको प्रतिलिपी तिरेको रकमको ५० प्रतिशत भन्दा नबढ्ने गरि | ५० | |
| २० | डिपिसि चेक जाँच गर्न प्राविधिक फिल्ड जानु पर्दा | १००० | |
| २१ | वादविवाद तथा उजुरी दर्ता शुल्क | 100 | |
| २२ | नाता प्रमाणित | 100 | |
| २३ | नाता सम्बन्ध सिफारिस | 100 | |



रेशम स्याङबो
अध्यक्ष

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

| | | | |
|---|---|---|---|
| २४ | कागजात प्रमाणित अंग्रेजी दस्तुर | ५०० | |
| २६ | निजि स्तरका विद्यालय संचालन सम्बन्धी सिफारिस | १००० | |
| २७ | सामुदायिक विद्यालयको तहवृद्धि सम्बन्धी सिफारिस | .२०० | |
| २८ | व्यक्तिगत घटना दर्ता शुल्क | २०० | |
| २९ | व्यक्तिगत घटना दर्ता प्रमाणपत्र प्रतिलिपि | ५०० | |
| २९ | साना होटेल रेस्टुरा र गेष्ट हाउस खाना सहितको सिफारिस | 100 | |
| ३० | साना जलपान गृह, खाजा घर सिफारिस | 100 | |
| ३१ | तरकारी तथा फलफुल पसल सिफारिस | 100 | |
| ३२ | गैरसरकारी संस्था नविकरण सिफारिस | १०० | |
| ३३ | इलेक्ट्रोनिक्स तथा अन्य पसल सिफारिस | 100 | |
| ३४ | फोटो स्टुडियो दर्ता सिफारिस | 100 | |
| ३५ | हाडवेयर पसल दर्ता सिफारिस | 200 | |
| ३६ | संघ संस्था क्लव दर्ता नविकरण सिफारिस | ५०० | |
| ३७ | घर नक्सा पास, निर्माण स्विकृती दस्तुर | | |
| क | आर सि.सि. ढलान घर (३ तला सम्म) प्रति वर्ग फिट | ४ | |
| ख | आर सि.सि. ढलान घर ३ तल भन्दा माथि प्रति वर्ग फिट | ६ | |
| ग | आर.सि.सि. बाहेक पक्की घर प्रतिवर्ग फिट | ३ | |
| घ | टिन छाना टहरा भएको घर प्रतिवर्ग फिट | १ | |
| ङ | नक्सा पास/निर्माण सम्पन्न नामसारी गर्नु पर्दा हाल कायम रहेको नक्सापास दस्तुर १० प्रतिशत वा न्यूनतम जाँच मध्ये जुन बढि हुन आउँछ सोही अनुसारको दस्तुर लिई नामसारी गरिने छ। | १००० | |
| च | आंसिक/निर्माण सम्पन्न प्रमाण पत्र र निर्माण सम्पन्नको प्रतिलिपि दस्तुर रु २०००।- लिई प्रतिलिपि सरोकारवालालाई दिईने छ र पिल्पन्थ लेवल भन्दा माथि Super structure को नक्सा पास गरी निर्माण सम्पन्न पत्र तोकिएको समयमा नलिएमा बिलम्ब दस्तुत रु २०००।- वा लाग्ने राजस्वको २५ प्रतिशत मध्ये जुन बढी हुनछ सो बुराबरको थप दस्तुर लिई निर्माण सम्पन्न प्रमाण पत्र प्रदान गरिने छ। | २००० | |
| ज | नक्सा किताव | ५०० | |
| ३७ | निर्माण सम्पन्न भइसकेको घरको अभिलेखिकरण | | |
| क. | आर.सि.सि.ढलान घर प्रति वर्ग फिट | ४ | |
| ख. | आर.सि.सि. बाहेक पक्की घर प्रति वर्ग फिट | ३ | |
| ग | निवेदन दस्तुर | ५०० | |
| घ | प्राविधिक निरिक्षण नयाँ निर्माण | २००० | |
| ङ | प्राविधिक निरिक्षण अभिलेखिकरण | १००० | |
| | घर निर्माणका लागि यस गाउँपालिकाबाट स्वीकृत (प्लीन्थ लेवल सम्मको) लिई तोकिएको अवधि भित्र निर्माण सम्पन्न नलिने वा थप दस्तुर तिरी म्याद थप गरिएकोमा थप अवधिभित्र निर्माण सम्पन्न नगरिएमा सो वापत राखिएको धरौटी रकम फिर्ता हुने छैन। | | |
| ३८ | बोलपत्र फारम शुल्क (२० लाख सम्मको बोलपत्रमा ) | १००० | |
| ३९ | बोलपत्र फारम शुल्क (२० लाख देखि २ करोड सम्मको) | ३००० | |
| ४० | बोलपत्र फारम (२ करोड भन्दा माथिको बोलपत्रमा ) | ५००० | |
| ४१ | कागजात प्रमाणिकरण दस्तुर नेपाली | ५०० | |
| ४२ | स्थानीय सेवा शुल्क प्रतिहजार | ०.१ | |

रेशम स्याङबो
अध्यक्ष

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

| | | | |
|---|---|---|---|
| ४३ | अन्य आम्दानी बैंक स्टेटमेन्टको आधारमा प्रतिहजार | १ | |
| ४४ | परीक्षा आवेदन दस्तुर चौथो र पाचौं तह | ५०० | |
| ४५ | परीक्षा आवेदन दस्तुर छैठो तह वा सो भन्दा माथिको | १००० | |
| ४६ | परीक्षा आवेदन दस्तुर कार्यालय सहयोगी | ३०० | |
| ४७ | परीक्षा आवेदन दस्तुर सवारी चालकक | ३०० | |
| ४८ | हल भाडा प्रति पटक | ५००० | |
| ४९ | प्रोजेक्टर/साउण्ड सिस्टम प्रति पटक | २००० | |

घ श्रेणीको व्यवसाय बाहे माथि उल्लेखी अन्य व्यवसायको नामसारी, नाम परिवर्तन, प्रमाण पत्रको प्रतिलिपिका लागि ५०० शुल्क लाग्ने छ ।

**जुगल गाउँपालिका**
**जुगल गाउँपालिकाको आर्थिक ऐन २०८३**
**दफा ११ (क) अनुसूचि (११) दण्ड, जरिवाना शुल्क**

| सि.नं | राजश्व शिर्षक | करका दर (रु.) | कैफियत |
|---|---|---|---|
| 1 | नदिजन्य पदार्थ | १०।- (प्रति वर्ग फिट) | |
| 2 | स्लाव स्टोन/स्लेट/फुटे ढुङ्गा | १०।- (प्रति वर्ग फिट) | |

राजश्व परामर्श समितीले निर्धारण गरी गाउँसभाले पास गरे अनुसारको कर प्रत्येक वर्ष असुली गर्नु पर्नेछ। चालु आ.व. भित्र नभइ अर्को वर्ष असुल गर्नु पर्दा कमस १० प्रतिशत प्रति वर्ष विलम्व दस्तुर थप गरि असुल गरिनेछ।

रेशम स्याङबो
अध्यक्ष

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३